आज मितिः२०७९।०९।२९ गते शुक्रबारका दिन नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूको अध्यक्षतामा बसेको बाणगङ्गा नगरपालिकाको बाह्रौं नगरसभाको बैठकमा निम्नानुसारका पदाधिकारीहरुको उपस्थिती रहेको छ।

| क्र.सं. | नामथर | पद | वडा नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | | |
| ३ | संजु कुमार सारू मगर | वडाध्यक्ष | १ | |
| ४ | लक्ष्मी बहादुर खत्री | सदस्य | १ | |
| ५ | राजकुमार थारु | सदस्य | १ | |
| ६ | टोपकला बि.सी. | महिला सदस्य | १ | |
| ७ | सिता सुनार | दलित महिला सदस्य | १ | |
| ८ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | २ | |
| ९ | प्रेम बहादुर रौतार थारु | सदस्य | २ | |
| १० | झिमलाल सापकोटा | सदस्य | २ | |
| ११ | शान्ता पाण्डे | महिला सदस्य | २ | |
| १२ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष | ३ | |
| १३ | सोमनाथ राना | सदस्य | ३ | |
| १४ | चन्द्रावती चौधरी थारु | महिला सदस्य | ३ | |
| १५ | गंगा देवी सुनार | दलित महिला सदस्य | ३ | |
| १६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष | ४ | |
| १७ | चिन्कु थारु | सदस्य | ४ | |
| १८ | नन्द किशोर थारु | सदस्य | ४ | |
| १९ | चन्द्रवति थारु | महिला सदस्य | ४ | |
| २० | कुमारी पवित्रा सार्कि | दलित महिला सदस्य | ४ | |
| २१ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष | ५ | |
| २२ | ज्ञान बहादुर कार्की | सदस्य | ५ | |

| | | | | |
|---|---|---|---|---|
| २३ | बुध्दु थारु | सदस्य | ५ | |
| २४ | नैन कुमारी थारु | महिला सदस्य | ५ | |
| २५ | मिना दर्जी | दलित महिला सदस्य | ५ | |
| २६ | करुण टण्डन | वडाध्यक्ष | ६ | |
| २७ | गुरु प्रसाद थारु | सदस्य | ६ | |
| २८ | यम बहादुर प्युठानी | सदस्य | ६ | |
| २९ | पसपतिया चौधरी | महिला सदस्य | ६ | |
| ३० | तारा दुतराज | दलित महिला सदस्य | ६ | |
| ३१ | विष्णु गिरी | वडाध्यक्ष | ७ | |
| ३२ | हरीशंकर पौडेल | सदस्य | ७ | |
| ३३ | मुम बहादुर पाण्डे | सदस्य | ७ | |
| ३४ | सावित्रा थारु | महिला सदस्य | ७ | |
| ३५ | पार्वती सुनार | दलित महिला सदस्य | ७ | |
| ३६ | बाबुराम अर्याल | वडाध्यक्ष | ८ | |
| ३७ | विश्वास जि.सी. | सदस्य | ८ | |
| ३८ | शैलेन्द्र बेल्बासे | सदस्य | ८ | |
| ३९ | जुनादेवी थारु | महिला सदस्य | ८ | |
| ४० | शारदा परियार | दलित महिला सदस्य | ८ | |
| ४१ | कमल पौडेल | वडाध्यक्ष | ९ | |
| ४२ | चुरामणि अर्याल | सदस्य | ९ | |
| ४३ | नुमलाल चौधरी | सदस्य | ९ | |
| ४४ | केशरा गुरुङ | महिला सदस्य | ९ | |
| ४५ | गिता कुमारी सुनार | दलित महिला सदस्य | ९ | |
| ४६ | यम प्रसाद पोखेल | वडाध्यक्ष | १० | |
| ४७ | रुपनारायण थारु | सदस्य | १० | |
| ४८ | राम शंकर थारु | सदस्य | १० | |

CS CamScanner

| | | | | |
|---|---|---|---|---|
| ४९ | सर्मिला चमार | दलित महिला सदस्य | १० | |
| ५० | नोरेन्द्र प्रसाद थारु | वडाध्यक्ष | ११ | |
| ५१ | जगनारायण थारु | सदस्य | ११ | |
| ५२ | बाजबुल लैन | सदस्य | ११ | |
| ५३ | इमकला खत्री क्षेत्री | महिला सदस्य | ११ | |
| ५४ | सावित्री बि.क. | दलित महिला सदस्य | ११ | |
| ५५ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | ३ | |
| ५६ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | ७ | |
| ५७ | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | ५ | |
| ५८ | खिमानन्द भुसाल | सचिव | | |

# बाणगङ्गा नगरपालिका

## १२औं नगरसभा २०७९।०९।२९ का निर्णयहरु

**निर्णय नं. १**

बाणगङ्गा नगरपालिकाको १२औं नगर सभाको कार्यसूची प्रस्ताव र संचालित कार्यक्रमलाई अनुसूची-१ बमोजिम अभिलेख गर्ने निर्णय गरियो।

**निर्णय नं. २**

यस १२औं नगरसभामा प्रस्तुत भएका विभिन्न समितिहरुका प्रतिवेदनहरु अनुसूची-२ बमोजिम स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

यस १२औं नगरसभामा पेश भएका सार्वजनिक महत्वका प्रस्तावहरुलाई अनुसूची-३ बमोजिम स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

आर्थिक वर्ष २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार अनुसूची-४ मा उल्लेख भएका योजना तथा कार्यक्रमहरु परिमार्जित गरी सञ्चालन गर्न आवश्यक देखिएकोले पेश भए बमोजिमका शंसोधित योजना तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

आर्थिक वर्ष २०७९।०८० मा सम्वोधन हुन नसकेका तर यसै आ.व.मा संचालन नगरी नहुने १२औं नगरसभाले अत्यावश्यक महसुस गरेका अनुसूची-५ बमोजिमका योजना तथा कार्यक्रमहरु यसै आर्थिक वर्षमा सञ्चालन गर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

१२औं नगरसभामा आफ्नो भनाई राख्ने नगरसभा सदस्य तथा निजहरुले राखेको अनुसूची-६ बमोजिमको भनाईलाई सुझावको रुपमा लिने र भए गरेका कमी कमजोरीहरुलाई आगामी दिनमा सुधार गर्दै लैजाने निर्णय गरियो।

CamScanner

**निर्णय नं. ७**

१२औं नगरसभाको तयारीको लागि करीब १५ दिन भन्दा बढी समयसम्म विहान बेलुका साँझ र रातिसम्म खटिई विभिन्न प्रतिवेदनहरु, संसोधन गर्नुपर्ने योजनाहरु, नयाँ प्रस्तावित योजना लगायतको कार्यमा अतिरिक्त समय खटिनुपर्ने भएकोले नगरप्रमुख, उपप्रमुख, कार्यालय प्रमुख, पूर्वाधार प्रमुख, शहरी विकास शाखा प्रमुख, योजना प्रमुख, शिक्षा अधिकृत, आ.ले.प. अधिकृत, प्रशासन, जिन्सी प्रमुख, राजस्व अधिकृत र आर्थिक प्रशासन शाखाका कर्मचारीहरुलाई खाईपाई आएको पारिश्रमिकको हिसावले १० दिन बराबरको साँझ विहान खाजा नास्ता वापतको खाजा भत्ता सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८**

बाणगङ्गा नगरपालिका कपिलवस्तु जिल्लाकै सबैभन्दा बढी जनसंख्या रहेको नगरपालिका भएको मालपोत एवं नापी सम्बन्धी कार्यहरु तौलिहवा मालपोत र नापी कार्यालयबाट हुने गरेको साथै नगरपालिकामा समेटिएका साविकका गाबिसहरु पटना, कोपवा, हथौसा, बाणगङ्गा, गजेहडा, मोतिपुर र भलवाडका जग्गाहरु जिल्लाकै सबैभन्दा बढी खरिद/बिक्रि हुने मध्ये पर्ने र सेवाग्राहीको हिसावले पनि सबैभन्दा बढी बाणगङ्गा नगरपालिका कै सेवाग्राही रहेको देखिएको अवस्था छ । हाल यस नगरपालिकामा ईलाका प्रशासन कार्यालय पिपरा ईलाका प्रहरी कार्यालय र कोपवा ईलाका प्रहरी कार्यालय गरी २ वटा ईलाका प्रहरी कार्यालय रहेको र सशस्त्र प्रहरी सिमा सुरक्षा बलको क्याम्प यसै नगरपालिका भित्र रहेको छ । पश्चिममा जोडिएको छिमेकी स्थानीय तह बुद्धभूमी नगरपालिका, गोरुसिङ्गेमा र पूर्वमा यस नगरपालिकासँग जोडिएको छिमेकी स्थानीय तह सैनामैना नगरपालिकामा समेत नेपाल आर्मी क्याम्प रहेकोले पनि सुरक्षाको हिसाबले अत्यन्तै उत्कृष्ट नगरपालिका रहेको तथा राष्ट्रिय बाणिज्य बैंक, नेपाल बैंक लिमिटेड, कृषि विकास बैंक लगायत विभिन्न वर्गका बैंकहरु र वित्तिय संस्थाहरु सञ्चालनमा रहेका छन् । ईमेल ईन्टरनेटको सुविधा सहित नगरपालिकाको आफ्नै सरकारी प्रशासनिक भवन समेत रहेकोले छुट्टै मालपोत तथा नापी कार्यालय यस नगरपालिकामै स्थापना गर्न आवश्यक पूर्वाधार, प्रविधि तथा सुरक्षा व्यवस्था उपलब्ध भएको तथा मालपोत कार्यालयमा घरजग्गा रजिष्ट्रेशन राजस्व वापत उठ्ने राजस्वको हिस्सा समेत अन्य स्थानीय तह भन्दा यस नगरपालिकाको बढी रहेको छ । यस नगरपालिकाका नगरबासीहरुको विभिन्न समयमा मालपोत तथा नापी कार्यालय स्थापना गर्न अनुरोध प्राप्त हुने गरेको र हाल सेवा उपलब्ध भईरहेको मालपोत कार्यालय तौलिहवा, कपिलवस्तु जान दुरीको हिसावले पनि अन्य स्थानीय तह भन्दा यो नगरपालिका टाढा रहेकोले सेवाग्राहीहरुको असुविधालाई मध्यनजर गर्दै मालपोत तथा नापी कार्यालय स्थापना गर्न विभिन्न निकायमा थप पहल गर्ने निर्णय गरियो ।

CamScanner

**निर्णय नं. ९**

करार सेवामा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन स्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८ बमोजिम मापदण्ड पुगेका सबै कर्मचारीहरुको आर्थिक वर्ष २०७९।०८० को माघ १ गते देखि असार मसान्त सम्म करार म्याद थप गर्ने र लघुउद्दम सहयोगी सहजकर्ताको रुपमा कार्यरत श्री कुलदिप सैंथवारले दोस्रो लेभलको सर्टिफिकेट पेश गरेकोले लघुउद्दम सहजकर्ताको रुपमा २०८० असार मसान्त सम्मको लागि करार सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

बाणगङ्गा नगरपालिकाको शासन व्यवस्थालाई थप जनमुखी, सेवामुखी, जनउत्तरदायी र पारदर्शी तुल्याई जनतालाई सुशासनको प्रत्याभूति दिलाउन र नगरपालिकाको वित्तिय अनुशासनलाई अझ सुदृढ गर्न निम्नानुसारको लेखा समिति गठन गर्ने निर्णय गरियो ।

**लेखा समिति**

| | |
|---|---|
| श्री टेकबहादुर झेडीमगर | संयोजक |
| श्री शैलेन्द्र कुमार बेल्बासे | सदस्य |
| श्री ईमकला खत्री क्षेत्री | सदस्य |
| श्री प्रेम बहादुर रौतार थारु | सदस्य |
| श्री रुपनारायण थारु | सदस्य |

**निर्णय नं. ११**

नगरपालिकाको विभिन्न पदमा रही सेवाको अतिरिक्त आकस्मिक सेवा सञ्चालनको लागि पालैपालो खटिने निम्नानुसारका कार्मचारीहरुको १ वर्षको दुर्घटना बिमा गरिदिने निर्णय गरियो साथै अग्नि नियन्त्रणमा खटिँदाको हालसम्म खाईपाई आए बमोजिमको सुविधा अग्निनियन्त्रणमा जाँदा खटिएका कर्मचारीलाई खटिएको दिनको रु.५००।- खाजा भत्ता र दमकल चालकलाई प्रति महिना रु.५००।- सञ्चार सुविधालाई निरन्तरता दिने निर्णय गरियो ।

| सि.नं. | नाम थर | पद |
|---|---|---|
| १ | राजेन्द्र प्रसाद भण्डारी | दमकल चालक |
| २ | कुविर हमाल | फायरमेन |
| ३ | राधेश्याम पासी | फायरमेन |
| ४ | खिमानन्द घिमिरे | फायरमेन |
| ५ | चुरामणी चौधरी | फायरमेन |
| ६ | किशोर थारु | फायरमेन |
| ७ | प्रदिप कुमार चौधरी | फायरमेन |

CamScanner

**निर्णय नं. १२**

डिभिजन वन कार्यालय, कपिलवस्तुको चलानी नं. ४३४ मिति:२०७९।०८।०९ ठेक्का सम्बन्धमा लेखिएको पत्रानुसार ठेक्का नं. 23/NCB/BMO/KAPIL/WORKS/79-80 ओशो ध्यानकेन्द्र धर्मशाला निर्माण कार्य र ठेक्का नं. 24/NCB/BMO/KAPIL/WORKS/79-80 गौशाला पूर्वाधार निर्माण वडा नं. ८ को योजना सञ्चालन नगर्नु नगराउनु भन्ने व्यहोराको पत्र प्राप्त भएको तर पछि उक्त ओशो ध्यान केन्द्र रहेको जग्गा नदी उकास क्षेत्रमा पर्ने भएकोले जिल्ला वन अधिकारीलाई अनुगमन गरीदिन यस नगरपालिकाको मौखिक अनुरोध भए अनुसार फिल्डमा गई हेर्दा ओशो ध्यानकेन्द्र नदी उकास क्षेत्रमा पर्ने भएको र मधुवन धाम गौशाला निर्माण गर्ने स्थान धार्मिक वनको क्षेत्र रहेको र जिल्ला वन अधिकारी, धार्मिक बनको समिति तथा यस नगरपालिकाको पदाधिकारी समेत उक्त क्षेत्रको अनुगमन गरी हेर्दा बुट्यान क्षेत्र भएको र निर्माण कार्य सञ्चालन गर्दा कुनै रुख तथा बोटविरुवालाई असर नपर्ने भएकोले र मधुवन धार्मिक वनको सहमती समेत भएकोले निर्माण कार्य अगाडी बढाउने भनि छलफलबाट मौखिक सहमती भएकोले मधुवन धाम गौशाला निर्माण कार्य र ओशो ध्यानकेन्द्र निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. १३**

यस नगरपालिकाको आर्थिक वर्ष २०७९।०८० को स्वीकृत कार्यक्रम अनुसार कृषि शाखाको भवन निर्माण कार्यको लागि प्रदेश समपुरक तर्फ विनियोजित बजेटबाट नगरपालिकाको प्रशासनिक भवन रहेको प्राङ्गण देखि उत्तरतर्फ नगरपालिकाको कम्पाउण्ड भित्र निर्माण कार्य गर्नका लागि जिल्ला वन अधिकारीबाट मौखिक हमति प्राप्त भएकोले ठेक्का प्रकृया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. १४**

यस नगरपालिकाको राजश्व परामर्श समितिको मिति २०७९।०९।२४ गतेको बैठकबाट सिफारिस र मिति २०७९।०९।२७ गतेको कार्यपालिका बैठकबाट अनुमोदन समेत भई आएको तपसिलका निर्णयहरु स्वीकृत गर्ने निर्णय गरियो।

क) नगरपालिकाले लिने कर शुल्क र दस्तुरमा निम्न बमोजिमका शीर्षकहरुमा देहाय अनुसारका दस्तुरलाई निर्धारण गर्ने।

तपसिल :

| क्र.सं. | शीर्षक | लिंदै आएको शुल्क (रु.) | नयाँ सिफारिस गरिएको शुल्क | कै. |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | वडा कार्यालयबाट हुने बैना प्रमाणित | ५०० | १००० | |
| २. | वडा कार्यालयबाट हुने घर जग्गाको कित्ताकाट सिफारिसं प्रति कित्ता (बिक्रि प्रयोजन) | - | ५०० | |
| ३. | वडा कार्यालयबाट हुने घर जग्गाको कित्ताकाट सिफारिस प्रति कित्ता (अंशबण्डा प्रयोजन) | - | २०० | |
| ४. | नगरपालिकाको पशु विकास शाखाले दर्ता गर्ने कृषि तथा पशुपंक्षी फर्म नयाँ दर्ता | - | ५०० | |
| ५. | नगरपालिकाको पशु विकास शाखाले दर्ता गर्ने कृषि तथा पशुपंक्षी फर्म नविकरण दस्तुर | - | २०० | |

ख) नगरपालिकामा रहेको ढुङ्गा गिट्टि बालुवा ग्राभेल, भस्कट एवं माटो दहत्तर बहत्तर आदिको विक्रि प्रयोजनको लागि प्राकृतिक स्रोत संकलन तथा बिक्रि शुल्क लुम्बिनी प्रदेश सरकारले तोकेको दर रेट अनुसार हुने गरि निर्धारण गर्ने ।

| क्र.सं. | शीर्षक | एकाइ | दर (रु.मा) | कै. |
|---|---|---|---|---|
| १. | ढुङ्गा, गिट्टी, बालुवा, चुन ढुङ्गा, ग्राभेल खरीढुङ्गा स्लेट आदि | प्रति क्युबिक फिट | ८ | |
| २. | माटो | प्रति क्युबिक फिट | ३ | |
| ३. | दहत्तर बहत्तर | प्रति के.जी. | २ | |
| ४. | भस्कट | प्रति क्युबिक फिट | ४ | |

ग) नगरले गत वर्षहरुबाट उठाउंदै आएको एक तह प्रशोधन भएको नदीजन्य पद्धार्थ नगर निकासी गर्दा भौतिक पुर्वाधार उपयोग, वातावरण तथा व्यवस्थापन शुल्क असुलीको आय ठेक्का लगाउने प्रयोजनको लागि न्यूनतम रु १,५०,००,०००।- (अक्षररुपी एक करोड पचास लाख रुपैयां) राखि मिति २०७९।०३।३१ मा ३० दिने आय ठेक्काको बोलपत्र आह्वानको सूचना गरिएको र पहिलो बोलपत्रमा कुनै पनि व्यक्ति/फर्मले भाग नलिएको र दोस्रो पटक सोही रकम न्यूनतम अंक राखि १५ दिने मिति २०७९/०५/०६ मा पुन आय ठेक्काको बोलपत्र सम्बन्धी सूचना जारी गरी ठेक्का नलाग्दा सम्म आन्तरीक रुपमा आय शुल्क असुली गर्ने भनि मिति २०७९/०५/०२ मा नगरकार्यपालिकाको निर्णय अनुसार आन्तरीक रुपमा शुल्क असुली भइरहेको, दोस्रो पटकको बोलपत्र आह्वानको सुचनामा समेत कुनै ब्यक्ति वा फर्मले भाग नलिइ आय ठेक्का लाग्न नसकेको र आन्तरीक रुपमा लगातार आय असुली गर्ने काम त्यति सान्दर्भिक नहुने भएको हुंदा साथै रु १,५०,००,०००।- (अक्षररुपी एक करोड पचास लाख रुपैयां)मा ठेक्का जान नसक्ने देखिएको हुंदा यस आ.व. को बांकी अवधिको लागि न्यूनतम अंक

CamScanner

रु ५०,००,०००।- (अक्षररुपी पचास लाख रुपैयाँ) राखि पुन: आय असुलीको लागि बोलपत्रको सूचना आह्वान गर्ने र सो गर्दा समेत ठेक्का लाग्न नसकेमा अहिलेकै पद्धति अनुरुप आन्तरीक रुपबाट आय शुल्क असुली गर्ने ।

**निर्णय नं. १५**

यस बाणगङ्गा नगरपालिकाबाट तयार गरिएको सडक यातायात गुरुयोजनामा उल्लेख गरिएका सडकहरु हालको अवस्थामा पर्याप्त मात्रामा सडक सञ्जाल देखिएकोले तथा सडकका ट्र्याक नखोल्ने र खोलेका सडकहरुको मात्र स्तरोन्नती गर्दै लैजाने निर्णय गरियो ।

**निर्णय नं. १६**

गत आ.व.०७८।०७९ मा ठेक्का सम्झऔताभई सम्झौता अवधिको कार्य सम्पन्न हुन नसकि प्रचलित कानून बमोजिम म्याद थप भएका निर्माण व्यवसायीहरुले थप गरिएको मिति देखि लागु हुनेगरी १ वर्ष १ महिनाको बैंक जमानत (Performance Bond) पेश गर्नुपर्नेमा सो नगरी कार्यसम्पन्न गरेको अवधि देखि नागुहुने गरी जमानत पेश हुन आएकोले म्याद थप भई कार्यसम्पन्न गर्नुपर्ने मिति देखि सम्पन्न भएको अवधि सम्मको पूर्व निर्धारित क्षतिपूर्ति लिएर मात्र भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ ऐनको परिच्छेद १ दफा २ को (झ) मा जुनसुकै कुरा लेखिएको भएता पनि "प्राकृतिक विपद्" भन्नाले अतिवृष्टी, अनावृष्टी, असिना, बाढी, डुवान, खडेरी, आँधी, हुरी बतास, शीत लहर, तातो हावा लु. चट्याङ्क, भुकम्प, डढेलो र यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनुपर्दछ भन्ने बाक्य राखी संसोधन गर्ने निर्णय गरियो ।

CamScanner

अनुसूची-१

# बाणगङ्गा नगरपालिका

बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

१२ औं नगरसभाको कार्यसूची र समय तालिका

सभा संख्याः १२ प्रथम बैठक सभा संचालन स्थानः नगर कार्यपालिकाको सभा हल

अध्यक्षताः चक्रपाणी अर्याल मितिः २०७९।०९।२९

| मिति | बैठक बस्ने समय | कार्य सूची | संचालन तथा कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०७९ पुष २९ | १:०० | राष्ट्रिय गान<br>सभाध्यक्षको आशन ग्रहण | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| ,, ,, | १:०० | कार्यक्रम शुरु भएको घोषणा सभामा सभाध्यक्षबाट सम्बोधन<br>शहिदहरु प्रति मौनधारण | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| ,, ,, | १:१० | १. चालु आ.व.को विषयगत प्रगति समिक्षा | | |
| | | १.१ न्यायीक समितिको प्रतिवेदन | नगर उप्रमुख श्री रीता कुमारी चौधरी | संयोजक |
| | | १.२ राजस्व परामर्श समितिको प्रतिवेदन | | |
| | | १.३ विधायन समिति | श्री बाबुराम अर्याल | संयोजक |
| | | १.४ आर्थिक विकास समिति | श्री छविलाल रेश्मीमगर | संयोजक |
| | | १.५ सामाजिक विकास समिति | श्री बिष्णु गिरी | संयोजक |
| | | १.६ पूर्वाधार विकास समिति | श्री बिष्णु पौडेल | संयोजक |
| | | १.७ सार्वजनिक सेवा तथा शुसासन समिति | श्री करूण टण्डन | संयोजक |
| | | १.८ वन, वातावरण र विपद व्यवस्थापन समिति | श्री कमल पौडेल | संयोजक |
| | २:१५ | निर्णय गर्नुपर्ने सार्वजनिक महत्वका प्रस्तावहरु | श्री दुनिका भुसाल | |
| | ०२:३० | २. चालु आ.व.०७९।०८० को योजना तथा कार्यक्रम संसोधनको लागि प्रस्तावित योजना तथा कार्यक्रमहरुको प्रस्तुती | नगर प्रमुख श्री चक्रपाणी अर्याल | नगर प्रमुख |
| | ०३:३० | ३. चालु आर्थिक वर्षमा बचत हुने रकमबाट नयाँ प्रस्तावित योजनाहरु | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| | ०३:४५ | लेखा समिति गठन प्रस्ताव | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| | ०४:०० | नगरसभाका निर्णयको लागि प्रस्ताव | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| | ०४:१५ | प्रस्तुत विषयमा सदस्यहरुको केही राय सुझाव भए पेश गर्ने | | |

| | | | | |
|---|---|---|---|---|
| | ०४:३० | नगर सभामा उठेका विषयहरुलाई सम्बोधन | श्री चक्रपाणी अर्याल | |
| | ०४:४५ | कार्यक्रमको समापन | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |

**उपाध्यक्ष ज्यू**

**सचिव ज्यू**

**नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु र कर्मचारी मित्रहरु**

✓ म हाम्रो बाणगङ्गा नगरपालिकाको आजको यस १२औं नगर सभा शुरुवात भएको जानकारी गराउन चाहान्छुं।

नेपालको संविधानले परिकल्पना गरे अनुसार देशको तीन तहको संघीय शासन प्रणाली अन्तर्गत लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्था, बहुलबाद, सामाजिक न्याय सहितको समानुपातिक, समाबेशी प्रतिनिधिमुलक व्यवस्था, मौलिक अधिकार, नागरीक स्वतन्त्रता जस्ता महत्वपूर्ण उपलब्धीहरु प्राप्तीको लागि विभिन्न कालखण्डामा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात महान सहिदहरुप्रती भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु र सम्पूर्ण सहिदहरुको संझनामा १ मिनेट मौन धारणको लागि सहभागि हुन सम्पूर्ण नगरसभा सदस्यज्यूहरुलाई अनुरोध गर्दछु।

समय शुरु हुन्छ ..................................................................................

धन्यवाद

गरिमामय सभाका उपाध्यक्षज्यू,

सचिवज्यू,

नगरसभाका सदस्यज्यूहरु,

राष्ट्रसेवक कर्मचारीहरु,

संचारकर्मि मित्रहरु,

बाणगंगा नगरपालिकाको १२ औं नगरसभामा उपस्थित भई रहँदा मलाई गौरवको अनुभूति भएको छ। हालसम्म आइपुग्दा हामीलाई सरकार सञ्चालनका महत्त्वपूर्ण अनुभवहरु हासिल भएका छन् र महत्वपूर्ण शासकीय पूर्वाधारहरु निर्माण भएको व्यहोरा यस सम्मानित सभामा स्मरण गराउन चाहन्छु।

यस अघि ११ औं नगरसभाको बैठकमा प्रस्तुत आ.व. २०७९।०८० को नीति तथा कार्यक्रम एवं वार्षिक बजेटको जगमा टेकेर हामी चालु आ.व. का गतिविधिहरु संचालन गरि रहेका छौं। प्रथम नगरसभा देखि आज १२ औं नगरसभाको दिन सम्म आइपुग्दा संघीय सरकार, प्रदेश सरकार, निजी क्षेत्र, नागरिक

CamScanner

समाज एवं महत्वपूर्ण सम्मानित व्यक्तिहरुबाट प्राप्त रायसुझाव हाम्रो लागि मौलिक अनुभव र कालजयी सावित भएका छन । संविधान बमोजिम स्थानीय तहका अधिकारका सूचि साथै संघ र प्रदेश सहितका सम्पूर्ण अधिकारका सूचि अन्तर्गत रहेर महत्वपूर्ण गतिविधिहरु हामीहरुबाट सम्पादन भएका छन् ।

नगरको अधिकार अन्तर्गत रहेर उपलब्ध श्रोत/साधनहरुको प्रभावकारी परिचालन्बाट प्राप्त उपलब्धीहरुको रक्षा गर्दै विकासका सबै आयामहरुलाई समेटदै समृद्ध नगरपालिका बानाउनु हाम्रो प्रमुख लक्ष्य रही आएको छ । " समृद्ध बाणगंगाको मूल आधार, आर्थिक सामाजिक, रुपान्तर सहितको पूर्वाधार " भन्ने हाम्रो मुल नारालाई सांकार पार्न प्रथम आवधिक योजना निर्माण सहित हामी वार्षिक नीति र कार्यक्रम एंव बजेट हाम्रा विकासका अभियानमा अगाडी बढदै " समृद्ध नेपाल, सुखि नेपाली " को राष्ट्रिय अभियानमा जोडिन चाहान्छौं ।

वार्षिक स्विकृत कार्यक्रम बमोजिम कतिपय योजनाहरु संसोधन गरी उच्च वित्तिय र भौतिक प्रगति प्राप्त हुने र कार्यान्वयनमा सहजता आउने कारण र बचत हुने रकमबाट नयाँ योजनाहरु प्रस्ताव गर्दा सोही अनुरुपको लक्ष्य प्राप्त हुने हुदाँ यस विषय वस्तुमा केही योजनाहरु संसोधन र केही नयाँ योजना प्रस्तावका विषय वस्तुमा समेत आजको सभाको कार्यसूचि निहीत रहेको छ ।

विषयगत समितिहरुद्वारा सम्पन्न भएका महत्वपूर्ण उपलब्धीहरुको समिक्षात्मक प्रशतुती र समसामायिक विषयहरु समेटनु पर्ने विषयहरु समेत हाम्रा आजको यस गरिमामय सभाका कार्यसूचिले समेटने विषय वस्तुहरु छन् ।

.......................................

अव म यस गरिमामय नगरसभामा विभिन्न समितिहरुको प्रतिवेदन प्रस्तुत गर्न समितिका संयोजकहरुलाई अनुरोध गर्न चाहान्छु ।

सर्वप्रथम

राजस्वको हालसम्मको प्रतिवेदन र न्यायीक कार्यसम्पादन प्रतिवेदन प्रस्तुत गर्न राजस्व परामर्श समिति तथा न्यायीक समितिका संयोजक नगर उपप्रमुख श्री रिताकुमारी चौधरीज्यूलाई अनुरोध गर्दछु ।

..............

विधायन समितिको प्रतिवेदन प्रस्तुत गर्न समितिका संयोजक श्री बाबुराम अर्याललाई अनुरोध गर्दछु ।

.........

आर्थिक विकास समितिको प्रतिवेदन प्रस्तुत गर्न समितिका संयोजक श्री छविलाल रेश्मी मगरलाई अनुरोध गर्दछु ।

..........

सामाजिक विकास समितिको प्रतिवेदन प्रस्तुत गर्न समितिका संयोजक श्री बिष्णु गिरीलाई अनुरोध गर्दछु ।

.........

पूर्वाधार विकास समितिको प्रतिवेदन प्रस्तुत गर्न समितिका संयोजक श्री बिष्णु पौडेललाई अनुरोध गर्दछु ।

.........

सार्वजनिक सेवा तथा शुसासन समितिको प्रतिवेदन प्रस्तुत गर्न समितिका संयोजक श्री कमल पौडेललाई अनुरोध गर्दछु ।

..........

वन वातावरण तथा विपद व्यवस्थापन समितिको प्रतिवेदन प्रस्तुत गर्न समितिका संयोजक श्री करुण टण्डनलाई अनुरोध गर्दछु ।

सार्वजनिक महत्वका प्रस्तावहरु राखिदिनुहुनको लागि वडा नं. ५ का वडा अध्यक्ष एवं सार्वजनिक सेवा तथा सुशासन समितिका सदस्य श्री दुनिका भुसाललाई अनुरोध गर्दछु ।

योजना तथा कार्यक्रम संसोधन....... प्रस्ताव (नगर प्रमुख स्वयंबाट...)

लेखा समिति..... निर्माण

संयोजक ...............

सदस्य .................

सदस्य .................

यस नगरसभामा पेश भएका विभिन्न समितिका प्रतिवेदन, योजना तथा कार्यक्रम संसोधन प्रस्ताव, सार्वजनिक महत्वका प्रस्तावहरु, महत्वपूर्ण निर्णयहरु माथी कुनै सदस्यहरुले केही भनाई राख्न चाहे नाम टिपाउनुहुन अनुरोध गर्दछु ।

१.

२.

आफ्नो भनाई ३ मिनेट भित्र राख्न नगर सभा सदस्य श्री ............लाई अनुरोध गर्छु ।

सदस्यहरुले राखेका विषयमा सम्बोधन (नगर प्रमुख स्वयंबाट)

यस १२औं नगरसभामा प्रस्ताव गरिएको लेखा समितिमा

टेकबहादुर झेडीमगर संयोजक

CamScanner

| | |
|---|---|
| शैलेन्द्र बेल्बासे | सदस्य |
| ईमकला खत्री | सदस्य |
| प्रेम बहादुर रौतार थारु | सदस्य |
| रुपनारायण थारु | सदस्य |

गरी ५ जनाको नाम प्रस्ताव गरिएको छ उक्त लेखा समितिलाई

स्वीकृत गर्न हुन्छ भन्नेले हुन्छ भन्नुहोला र स्वीकृत गर्न हुन्न भन्नेले हुन्न भन्नुहोला।

हुन्न भन्नेले हुन्न भन्नुस।

हुन्छ भन्नेले हुन्छ भन्नुस।

हुन्न भन्ने आवाज नसुनिएको र हुन्छ भन्ने आवाज मात्र सुनिएकोले सर्वसम्मत रुपमा लेखा समितिको गठन भएको जानकारी गराउन चाहान्छु ।

अव....

कार्यपालिकाको बैठकबाट सिफारिस भई आएको विधायन समितिका संयोजक मार्फत पेश भएको आजको यस गरिमामय सभामा बाणगङ्गा नगरपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५मा संसोधन गर्न प्रस्ताव गरिएको छ। यसलाई यस नगरसभामार्फत स्वीकृतिको लागि पेश गर्न चाहान्छु।

स्वीकृत गर्न हुन्छ भन्नेले हुन्छ भन्नुहोला र स्वीकृत गर्न हुन्न भन्नेले हुन्न भन्नुहोला।

हुन्न भन्नेले हुन्न भन्नुस।

हुन्छ भन्नेले हुन्छ भन्नुस।

हुन्न भन्ने आवाज नसुनिएको र हुन्छ भन्ने सदस्यहरुको सर्व सहमत देखिएकोले यस नगरसभामा पेश भएको ऐन यस नगरसभा मार्फत स्वीकृत भएको जानकारी गराउँदछु ।

अव....

यस नगर १२औं नगर सभाको निर्धारित कार्यसूचीमा रहेर पेश गरिएका प्रतिवेदनहरु, संसोधन प्रस्ताव, नयाँ योजनाका प्रस्तावहरु, नयाँ सार्वजनिक महत्वका विषय यस नगरसभाबाट स्वीकृतको लागि पेश गर्दछु।

स्वीकृत गर्न हुन्छ भन्नेले हुन्छ भन्नुहोला र स्वीकृत गर्न हुन्न भन्नेले हुन्न भन्नुहोला।

हुन्न भन्नेले हुन्न भन्नुस।

हुन्छ भन्नेले हुन्छ भन्नुस।

हुन्न भन्ने आवाज नसुनिएको र हुन्छ भन्ने सदस्यहरुको सर्व सहमति देखिएकोले यस नगरसभामा पेश भएका प्रतिवेदनहरु, योजना तथा कार्यक्रम संसोधन प्रस्ताव, सार्वजनिक महत्वका प्रस्तावहरु र विभिन्न महत्वपूर्ण निर्णयहरु यस नगरसभाबाट स्वीकृत भएको जानकारी गराउन चाहान्छु ।

साथै यस नगरसभामा विषयगत समितिका प्रतिवेदन पेश गर्नुहुने विभिन्न विषयगत समितिका सदस्यज्यूहरु साथै यस गरिमामय नगरसभमा पेश भएका प्रतिवेदन, योजना तथा कार्यक्रम संसोधन र नयाँ प्रस्तावित कार्यक्रम, सार्वजनिक महत्वका विषय लगायतका विषयमा आफ्नो भनाई राख्नुहुने सबै सदस्यज्यूहरु प्रति हार्दिक धन्यवाद दिन चाहान्छु ।

हामी नगरसभाको अन्त्यतिर आईसकेका छौं ।

सम्पूर्ण नगरसभा सदस्यज्यूहरु

स्थानी सरकार सञ्चालनको दोस्रो कार्यकालको पहिलो वर्ष अर्थात चालु आर्थिक वर्ष २०७९।८० को मध्यसम्म आईपुग्दा विभिन्न योजना तथा कार्यक्रम सम्पादन गर्न सहयोग पुराउनुहुने सम्पूर्ण राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, विभिन्न संघसंस्थाका प्रतिनिधि, जनप्रतिनिधि, विभिन्न सरकारी कार्यालयहरुका प्रमुख नगरसभाका उपाध्यक्ष एवं नगर उपप्रमुख, नगर सभा सचिव, नगर सभाका सदस्य एवं सम्पूर्ण वडाका वडा अध्यक्षहरु, नगरसभाका सदस्य एवं कार्यपालिका सदस्यहरु र नगरपालिकाका सम्पूर्ण शाखा प्रमुख एवं कर्मचारीहरु, सबै वडाको विकास निर्माण र समन्वयमा खटिनुहुने टोल विकास संस्थाका पदाधिकारी एवं संदस्य, विभिन्न योजनामा संलग्न उपभोक्ता समितिका सम्पूर्ण पदाधिकारी, सामुदायिक, निजि एवं गैरसरकारी लगाएत विभिन्न संघसंस्थाका प्रमुख एवं प्रतिनिधि, संचारकर्मी, सुरक्षा कर्मी, समाजसेवी सामाजिक अभियन्ता, शिक्षक बुद्धिजिवी, महिला स्वास्थ्य स्वयसेविका, आमा समूह, विभिन्न पेशसंग आवद्ध रहनुहुने पेशाकर्मी साथीहरु लगायत सम्पूर्ण नगरवासी आदरणीय दाजुभाई, दिदिबहिनिहरु सबैमा सकारात्मक सुझाव, सहयोग र सहजिकरणको लागि विशेष धन्यवाद सहित आभार प्रकट गर्दछु ।

आजको यो १२औं नगरसभाको समापन भएको जानकारी गराउँछु ।

धन्यवाद । नमस्कार ।

अनुसूची-२

# बाणगङ्गा नगरपालिकाको बाह्रौं नगरसभामा पेश भएका विभिन्न समितिहरुको प्रतिवेदन

## १. न्यायिक समितिको प्रतिवेदन

### आ.व.२०७९/८० पुष २६ सम्मको न्यायिक समितिको विवरण

आ.व. २०७८/०७९ मा फछ्यौट हुन बाँकी ७ उजुरीहरु यस आ.व. मा जिम्मेवारी सारिएको छ। जसमा सबै २ वटा उजुरीहरु सर्वसम्मतबाट फछ्यौट भएका छन र बाँकी फछ्यौटको प्रकृयामा रहेका छन् । आ.व. २०७९/८० पुष २६ सम्ममा जम्मा १४ वटा उजुरीहरु दर्ता भएकोमा २ वटा मिलापत्रबाट फछ्यौट भएका छन भने १ वटा अन्य निकाएमा फिर्ता लगेर फछ्यौट भएको छ। नगरमा दर्ता उजुरीहरु अधिकांश जग्गाको विषयमा जग्गाको साँध सिमाना मिचेको , भोगचलन गरेको जग्गाबाट हटाउन खोजेको , एकको नाममा रहेको जग्गा अर्कैले भोगचलन गरेको, पति पत्नी बिचको सम्बन्ध , घरेलु हिंसा / महिला हिंसा आदि विषयमा उजुरीहरु दर्ता हुने गरेका छन्।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४९ (२) अनुसार पेस भएको विवादको निवेदनको कारवाही र किनारा गर्दा सम्भव भएसम्म मेलमिलाप गर्न प्रोत्साहित हुने गरी दुबै पक्षको सहमतिमा मिलापत्र गराउनु पर्नेछ भनि उल्लेख भएकोमा पहिलो प्राथमिकता मेलमिलापलाई नै दिनुपर्ने हुँदा मेलमिलापकर्तालाई बढि भन्दा बढि तालिम, प्रशिक्षण, अनुशिक्षण गराई न्यायिक विवादलाई मेलमिलापको माध्यमबाट समाधान गर्नु पर्ने देखिन्छ।

**न्यायिक समितिले विवादको निरुपणको माध्यमबाट फछ्यौट भएका मुद्दाहरु**

**आ.व. २०७९/८० पुष २६ सम्ममा**

| क्र.स. | मुद्दाको विवरण | संख्या |
|---|---|---|
| १ | गत आ.व. बाट जिम्मेवारी सारिएको | ७ |
| २ | यस आ.व. २०७९/८० पुष २६ सम्ममा दर्ता भएका | १४ |
| ३ | जम्मा उजुरी संख्या | २१ |
| ४ | जम्मा आ.व. २०७९/८० पुष २६ सम्ममा फछ्यौट संख्या | ५ |
| ५ | मिलापत्रबाट फछ्यौट भएको मुद्दा | २ |
| ६ | सर्वसम्मतबाट फछ्यौट भएको मुद्दा | २ |
| ७ | अन्य निकायमा पठाएको मुद्दा | १ |
| ८ | प्रकृयामा रहेको मुद्दा | १६ |

CamScanner

## गत आ.व २०७८/०७९ को यस आ.व. मा जिम्मेवारी सारीएका उजुरीहरु

| क्र.स. | दर्ता मिति | विवाद दर्ता नं. | उजुरीकर्ता र वडा | विषय | फछ्यौट | निर्णयको किसिम |
|---|---|---|---|---|---|---|
| १ | २०७८/०७/१० | ०५/०७८/७९ | विष्णु प्रसाद पौडेल बा.न.पा. ४ | अवैध घर निर्माण सम्बन्धमा। | नभएको | प्रकृयामा रहेको |
| २ | २०७८/०९/०२ | ०८/०७८/७९ | यस प्रसाद अधिकारी बा.न.पा. ३ | सार्वजनिक कुलोमा घर बनाएको। | नभएको | प्रकृयामा रहेको |
| ३ | २०७८/०९/१६ | ०९/०७८/७९ | राजु थारु बा.न.पा. ८ | घर जग्गा सम्बन्धी। | भएको | सर्वसम्मतिबाट |
| ४ | २०७८/११/२० | १२/०७८/७९ | गुणनिधि र रुकमाङ्गत पन्थी बा.न.पा. ८ | जग्गा बाटो विवाद सम्बन्धमा। | नभएको | प्रकृयामा रहेको |
| ५ | २०७८/१२/०८ | १५/०७८/७९ | कमला आचार्य बा.न.पा. ९ | बंगुर फार्म हटाउने सम्बन्धमा। | नभएको | प्रकृयामा रहेको |
| ६ | २०७८/१२/१७ | १६/०७८/७९ | काले दमाई बा.न.पा. १ | जग्गा सम्बन्धमा। | भएको | सर्वसम्मतिबाट |
| ७ | २०७९/०१/१६ | १७/०७८/७९ | ज्ञान कुमारी के.सी. बा.न.पा. ८ | जग्गा विवाद। | नभएको | प्रकृयामा रहेको |

## अघिल्लो आर्थिक वर्षबाट अल्या भई आएका विवाद निरुपण सम्बन्धी मुद्दाहरु

| क्र.स. | विवादको किसिम | विवाद संख्या | फछ्यौट भएको | प्रकृयामा रहेका | कैफियत |
|---|---|---|---|---|---|
| १ | जग्गा सम्बन्धी | ३ | २ | १ | सर्वसम्मत निर्णयबाट |
| २ | बंगुर फार्म सम्बन्धी | १ | ० | १ | |
| ३ | सार्वजनिक जग्गामा घर बनाएको | २ | ० | २ | |
| ४ | अवैध घर निर्माण | १ | ० | १ | |
| | जम्मा | ७ | २ | ५ | |

## यस आ.व.२०७९/८० पुष २६ सम्ममा दर्ता / फछ्यौट भएका उजुरीको विवरण

| क्र.स. | दर्ता मिति | विवाद दर्ता नं. | उजुरीकर्ता र वडा | विषय | फछ्यौट | निर्णयको किसिम |
|---|---|---|---|---|---|---|
| १ | २०७९/०४/१२ | ०१/०७९/८० | माया पाण्डे, बा.न.पा. ८ | गाली बेइजती र जग्गा सम्बन्धमा | नभएको | प्रकृयामा रहेको |
| २ | २०७९/०४/३१ | ०२/०७९/८० | भुमिराज अर्याल, बा.न.पा. ११ | कुटपिट र घर जग्गा सम्बन्धमा | भएको | मिलापत्र |
| ३ | २०७९/०५/२७ | ०३/०७९/८० | आसा के.सी., बा.न.पा. ०४ | लेनदेन सम्बन्धमा | नभएको | प्रकृयामा रहेको |

CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | २०७९/०७/०५ | ०४/०७९/८० | राम कुमारी थारु, बा.न.पा. ०३ | घरेलु हिंसा | भएको | मिलापत्र |
| ५ | २०७९/०८/१६ | ०५/०७९/८० | वर्षा चौधरी, बा.न.पा. १० | पति पत्नि विचको सम्बन्ध | नभएको | प्रकृयामा रहेको |
| ६ | २०७९/०८/२० | ०६/०७९/८० | सिमा थारु, बा.न.पा. १० | महिला/घरेलु हिंसा | भएको | अन्य निकायमा फिर्ता लगिएको |
| ७ | २०७९/०८/२५ | ०७/०७९/८० | विष्णु ब. खत्री, बा.न.पा. ०३ | जग्गा मिचिएको सम्बनधमा | नभएको | प्रकृयामा रहेको |
| ८ | २०७९/०९/०८ | ०८/०७९/८० | जमुना शर्मा, बा.न.पा. ०८ | लेनदेन सम्बन्धमा | नभएको | प्रकृयामा रहेको |
| ९ | २०७९/०९/०८ | ०९/०७९/८० | मिनाराम घिमिरे, बा.न.पा. ११ | जग्गा को विवाद सम्बन्धमा | नभएको | प्रकृयामा रहेको |
| १० | २०७९/०९/०८ | १०/०७९/८० | रामकुमारी थारु, बा.न.पा. ०३ | लेनदेन सम्बन्धमा | नभएको | प्रकृयामा रहेको |
| ११ | २०७९/०९/१३ | ११/०७९/८० | मनिराम चौधरी, बा.न.पा. ११ | लेनदेन सम्बन्धमा | नभएको | प्रकृयामा रहेको |
| १२ | २०७९/०९/१७ | १२/०७९/८० | सिता कुमारी थारु, बा.न.पा. ५ | महिला हींसा सम्बन्धमा | नभएको | प्रकृयामा रहेको |
| १३ | २०७९/०९/१८ | १३/०७९/८० | मेघनारायण थारु, बा.न.पा. ०३ | साँध सिमाना मिचिएको | नभएको | प्रकृयामा रहेको |
| १४ | २०७९/०९/१८ | १४/०७९/८० | ज्ञानमति थारु, बा.न.पा. ०३ | जग्गा विवाद सम्बन्धमा | नभएको | प्रकृयामा रहेको |

**आ.व २०७९/०८० पुष २६ सम्म मा दर्ता हुन आएका विवाद निरुपण सम्बन्धी मुद्दाहरु**

| क्र.स. | विवादको किसिम | विवाद संख्या | फछ्यौट भएको | प्रकृयामा रहेका | कैफियत |
|---|---|---|---|---|---|
| १ | जग्गा सम्बन्धी | ५ | १ | ४ | मिलापत्रबाट फछ्यौट |
| २ | घरेलु / महिला हिंसा | ३ | २ | १ | मिलापत्रबाट फछ्यौट र अन्य निकाएमा पठाएको। |
| ३ | पति पत्नी बिचको सम्बन्ध | १ | ० | १ | |
| ४ | साँध सिमाना | १ | ० | १ | |
| ५ | लेनदेन | ४ | ० | ४ | |
| | जम्मा | १४ | ३ | ११ | |

धन्यवाद !



CamScanner

## २. राजश्व परामर्श समितिको प्रतिवेदन

नगर संचालनमा आन्तरिक श्रोतको महत्वपूर्ण भुमिका हुन्छ । जवसम्म हामि आन्तरिक श्रोतमा सम्पन्न हुन सक्दैनौ तव सम्म केन्द्र सरकार, प्रदेश सरकार र अन्य सरकारी अनुदानमा मात्रै हामी संचालित हुनुपर्ने बाध्यात्मक परिस्थिति रहन्छ । परनिर्भरता स्थानीय तहको हालको बाध्यता पनि हो । तैपनि यस नगरले आन्तरिक श्रोत उठाउन विभिन्न प्रयासहरु गर्दै आईरहेको छ । आन्तरिक श्रोतमा बढवा दिन वार्षिक रुपमा राजश्व संकलन घुम्ति शिविर संचालन गर्ने, एकिकृत घुम्ति शिविर संचालन गर्ने , बजार अनुगमन गरी अधिकांस उद्योग व्यवसायहरुलाई व्यवसाय करको दायरामा ल्याउन प्रयन्त गरी रहेका छौं भने आन्तरिक श्रोत बृद्धिका लागि ३ वटा आन्तरिक आय ठेक्काहरु लगाईरहेका छौ भने नदीजन्य पदार्थको आय ठेक्का बाट वार्षिक रुपमा नगरलाई करोडौ रुपैया आम्दानी हुदै आइरहेको छ ।

हामीले राजश्व वृद्धिका लागि मालपोत कर, घर करलाई एकिकृत गरी सम्पति कर लगाई यसबाट करिव ७२ लाख वार्षिक आम्दानि गरी रहेका छौ ।

गत आ.व ०७८।७९ मा नगरको आन्तरि श्रोत (ढुङ्गा, गिट्टी बालुवा र मालपोत रजिस्ट्रेशन बाहेको रकम ) रु ६ करोड १० लाख ४७ हजार ९ सय २८ रकम संकलन गरिएको थियो । नगरको अनुमानित राजश्व रु ५ करोड १९ लाख रहेकोमा हामीले करिव ९२ लाख राजश्व बढी उठाउन सफल भएका थियौ ।

यस चालु आ.व ०७९।८० मा नगरको आन्तरिक श्रोत तर्फ रु. ५ करोड २५ लाख उठाउने लक्ष्य रहेकोमा मिति २०७९।४।०१ गते देखि मिति २०७९।०९।२६ गते सम्म रु. २ करोड ९ लाख ६८ हजार ७ सय ७९ रुपैया संकलन भएको व्यहोरा अवगत गराउन चाहन्छु । त्यसै गरि २०७९।०४।०१ गते देखि २०७९ मंसिर मसान्त सम्म वडा बाट प्राप्त राजश्व

| वडा | संकलित राजश्व मंसिर समान्त सम्म |
|---|---|
| वडा नं.१ | १२ लाख ३९ हजार १ सय |
| वडा नं. २ | ११ लाख ९६ हजार ८ सय ३१ रुपैया |
| वडा नं. ३ | ५ लाख ८१ हजार ६ सय ४० रुपैया |
| वडा नं.४ | १४ लाख ९४ हजार ५ सय ९ रुपैया |
| वडा नं. ५ | ५ लाख ४३ हजार २ सय ८७ रुपैया |
| वडा नं. ६ | ७ लाख १८ हजार १ सय ४४ रुपैया |
| वडा नं. ७ | ९ लाख ८४ हजार ९ सय ३४ रुपैया |
| वडा नं. ८ | १४ लाख ६७ हजार ६ सय ८२ रुपैया |



CamScanner

| | |
|---|---|
| वडा नं. ९ | ६ लाख ३३ हजार ६ सय ३० रुपैया |
| वडा नं. १० | ५ लाख १३ हजार ४ सय ३६ रुपैया |
| वडा नं. ११ | १० लाख ३५ हजार ५ सय २८ रुपैया |

हामीले गत वर्षहरुदेखि लगाउदै आएको एक तह प्रशोधन भएको नदी जन्य पदार्थ नगर निकासी भौतिक पूर्वाधार उपयोग तथा वातावरण व्यवस्थापन शुल्क असुली आय ठेक्कामा गत आ व मा रु १ करोड ६६ लाख असुली भएकोमा यस चालु आ.व मा सो आय ठेक्का लगाउन नसक्दा राजश्वको लक्ष्मा पुग्न केही ग्राहो छ।

## आय बृद्धिका लागि यस वर्षमा लगाईएका आन्तरिक आय ठेक्काहरु

| क्र.स | विवरण | न्यूनतम अंक | ठेक्का गएको अंक |
|---|---|---|---|
| १ | नगर क्षेत्र भित्र उत्पादन भई बाहिर निकासी हुने पशु जन्य , बनजन्य र अन्य उत्पादन | ९ लाख | २१ लाख ३७ हजार ७ सय ७७ रुपैया भ्याट बाहेक |
| २ | नगर क्षेत्र भित्र उत्पादन भई बाहिर निकासी हुने कबाडी वस्तुको आय ठेक्का | ३ लाख ५० हजार | ७ लाख २१ हजार ७ सय ८६ रुपैया भ्याट बाहेक |
| ३ | विज्ञापन कर | ५ लाख | ७ लाख ७ हजार भ्याट बाहेक |

नगरले नदीजन्य पदार्थको आय ठेक्का बाट गत आ.व ७८।७९ मा बनकसीय भगलापुर बाट रु. २ करोड २ लाख १३ हजार ५ सय ५६ रुपैया र मधुबन धाम क्षेत्र बाट रु. ५ करोड १ लाख १ सय ५१ रुपैया गरी जम्मा रु. ७ करोड ३ लाख १३ हजार ७ सय ७ रुपैया प्राप्त गर्न सफल भएका थियौ।

भने यस वर्ष नदीजन्य पदार्थको आय ठेक्का लगाउन तपसिल बमोजिम बोलपत्र आवहान गरिएको छ। मिति २०७९।१०।०६ गते बोलपत्र खोलिने छ।

| क्र.स | ठेक्का लगाइने नदीको विवरण | नाका | नदीजन्य पदार्थको परिमाण | न्यूनतम अंक | |
|---|---|---|---|---|---|
| १ | बाणगंगा खोला | बनकसिया १,२ र भगलापुर नाका | १८४४७ घन मिटर | रु. ५२ लाख २० हजार ८ सय ७० रुपैया | |
| २ | बाणगंगा खोला मधुबन बगर क्षेत्र | गुरुङ्ग डाँडा छोडी मधुबन बगर क्षेत्र | ६२१०० घन मिटर | रु. १ करोड ७५ लाख ३७ हजार ४० रुपैया | |
| ३ | बाणगंगा खोला | धनेशपुर सुरु विन्दु देखि पानी ट्याङ्कि क्षेत्र | १०१२५ घन मिटर | रु. २८ लाख ५९ हजार ३ सय | |



CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | कोईली खोला | खोजिपुर क्षेत्र<br>औद्योगिक ग्रामको पूर्वि क्षेत्र<br>खेल मैदान क्षेत्र | १७१४५ घन मिटर | रु. ४८ लाख ४१ हजार ७ सय ४८ रुपैया | |
| ५ | धिरी खोला | बक्सिपुर क्षेत्रको नाका | ११२७५ घन मिटर | रु. ३१ लाख ७७ हजार रुपैया | |
| जम्मा | | | | ३करोड ३६ लाख ३५ हजार ९ सय ५८ | |

साथै नगरले राजश्व वृद्धिका लागि बजार अनुगमन लाई तिव्रता दिने साथै राजश्व लगाएत नगरबाट जनतालाई पुर्याउने सेवा घर दैलो बाट प्रदान गर्न एकिकृत घुम्ति शिविर संचालन गरिने छ। घर बहाल करलाई व्यवस्थित गराउन बहालमा लगाउने घर जग्गाको लगत संकलन गरिनुका साथै राजश्व परामर्श समितिलाई थप प्रभावकारी रुपमा अगाडि बढाईने छ। राजश्व सुधार योजना निर्माण गरी राजश्व संकलनलाई व्यवस्थित र भरपर्दो रुपमा विकास गरिने छ।

यति भन्दै यस नगरको आन्तरिक श्रोत थप सुधार होस भन्ने शुभकामना राख्दै विदाँ हुन चाहान्छु। धन्यवाद !

## ३. विधायन समितिको प्रतिवेदन

सर्वप्रथम विधायन समितिको संयोजक जस्तो महत्वपूर्ण जिम्मेवारीबाट यस नगरपालिकाको हालसम्मको कानूनहरु ऐन, नियम, निर्देशिका, मापदण्डहरुको कार्यान्वयनको अवस्था, नयाँ निर्माण गर्नुपर्ने कानूनहरु, मौजुदा कानूनहरुको संसोधन लगायतको विषयमा यस गरिमामय १२औं नगरसभामा प्रस्तुत गर्न पाउँदा निकै खुसिको अनुभव गरेको छु।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्दतीको अवलम्बन गर्दै गर्दा पहिलो कार्यकाल २०७४ देखि २०७९ वैशाख सम्मको अवस्थालाई हेर्दा हाम्रो यस बाणगङ्गा नगरपालिकामा १९ ऐन, ६ नियमावली, ७ निर्देशिका, ३८ कार्यविधि, ३ मापदण्डहरु गरी जम्मा ७३ निर्माण भई कार्यान्वयनमा रहेको व्यहोरा जानकारी गराउन चाहान्छु।

त्यसैगरि स्थानीय सरकारको दोस्रो कार्यकालमा कार्य सम्पादन गर्दै गर्दा यस विधायन समितिले तर्जुमा गरेका कानूनहरुको पुनः यस नगरसभामा प्रस्तुत गर्न चाहान्छु।

१. पूर्ण संस्थागत प्रसुति सेवा (No Home Delivery) प्रोत्साहनका लागि नि:शुल्क एम्बुलेन्स सेवा संचालन कार्यबिधि २०७७ (संसोधन २०७९)



CamScanner

२. नगर खेलकूद समिति सञ्चालन कार्यविधि २०७९
३. धार्मिक विद्यालय संचालन कार्यविधी, २०७९
४. आर्थिक ऐन, २०७९
५. विनियोजन ऐन, २०७९
६. बाणगङ्गा नगरपालिकामा साविक स्थानीय निकायबाट समायोजन भएका स्थायी कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९
७. कृषि तथा पशुपन्छी बिमामा अनुदान कार्यबिधि २०७९
८. छाडा पशु चौपाया कार्यबिधि २०७९
९. आन्तरीक लेखा परीक्षण कार्यविधि, २०७९
१०. भू-उपयोग कार्यान्वयन कार्यविधि, २०७९
११. भू उपयोग क्षेत्र वर्गिकरण सम्बन्धि मापदण्ड, २०७९
१२. सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा कार्यविधि, २०७९

यस कार्यकालमा हालसम्म आउँदा १२ वटा कानूनहरुको तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ र हालसम्म कूल २२ वटा ऐन, ६ नियमावली, ४५ कार्यविधि, ८ निर्देशिका र ३ वटा मापदण्ड गरी जम्मा ८४ वटा कानूनहरु रहेको व्यहोरा अवगत गराउन चाहान्छु ।

त्यसै गरी समय अवस्था र व्यवहारिकतालाई मध्येनजर गर्दै पहिले बनेका कानूनहरु मध्ये

१. टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७७ (संशोधन २०७९)
२. नि:शुल्क कृत्रिम गर्भाधान सेवा संचालन तथा व्यवस्थापन निर्देशिका, २०७९ (संसोधन)

गरी २ वटा कानूनहरु संसोधन गरिएको व्यहोरा अवगत गराउन चाहान्छु ।

अध्यक्ष्य ज्यू

कार्य सम्पादनको क्रममा कतिपय कानुनहरु कार्यान्वयन गर्दा केही जटिलताहरु देखिन थालेका छन । कानूनहरु बढी प्रकृयामुखि रहेका कारण तत्काल कार्य सम्पादन गर्न र स्थानीय जनताको सन्तुष्टिलाई सम्बोधन गर्न अप्ठ्यारो परिरहेको छ । यस्ता कानूनहरुको तर्जुमा, संसोधन लगायंतको कार्य गर्दा अनुभवी व्यक्तित्व, सम्बन्धित क्षेत्रका विज्ञ समेतको सहकार्यमा ब्यापक छलफल गरेर मात्र कानुनहरुको तर्जुमा गर्नुपर्दछ यसरी कानूनहरुको तर्जुमा गर्दा अली बढि समय लिएर यसले

सर्वप्रथम आर्थिक विकास समितिको संयोजक जस्तो महत्वपूर्ण जिम्मेवारीबाट यस नगरपालिकाको हालसम्मको आर्थिक विकास क्षेत्र तथा उपक्षेत्रमा भएका वित्तीय तथा भौतिक प्रगति लगायतको विषयमा यस गरिमामय १२औं नगरसभामा प्रस्तुत गर्न पाउँदा निकै खुसिको अनुभव गरेको छु। आर्थिक विकास अन्तरगत बिभिन्न शाखाबाट संचालित कार्यक्रममा भएको खर्च तथा मुख्य मुख्य कृयाकलापहरु यस प्रकार रहेका छन।

## कृषि विकास तर्फ

### हाल सम्म सम्पन्न भएका मुख्य मुख्य कृयाकलापहरु

- ६८ समूह/सहकारी/ कृषि फर्म तथा अन्य १५५ जना कृषकहरुलाई १५,५०० पोका कन्ये च्याउको बीउ ७५ प्रतिशत अनुदानमा बितरण गरिएको।
- गहुको बीउ उत्पादनको लागि २ वटा कृषक समूहलाई ३३ हेक्टर क्षेत्रफलको लागि ३९६० के.जी बिभिन्न जातको गहुको मूल बीउ ५० प्रतिशत अनुदानमा बितरण गरिएको।
- ५ वटा स्थलगत कृषक तालिम सम्मन्न गरिएको जसमा महिला १०५ र पुरुष २७ जना गरी जम्मा १३२ जनाको सहभागिता रहेको।
- १९० वटा कृषक समूह/सहकारी तथा ४७५ जना कृषकहरुलाई १२५० प्याकेट तरकारीको सिडकिट वितरण गरिएको।
- २२८ जना कृषकहरुलाई बिभिन्न प्रकारको रोग किराको लागि विषादि तथा भिटामिन उपलब्ध गराईएको।
- बिभिन्न जातको २७.७७७ मे.टन. गहुको उन्नत बीउ खरिद गरी ८७८ वटा कृषक, कृषक समूह तथा कृषि सहकारीहरुलाई ५० प्रतिशत अनुदानमा बितरण गर्ने कार्य गरिएको।
- गहुँबाली पकेट विकास कार्यक्रम वडा नं .१० पटनामा रहेको श्री पटना कृषि सहकारी संस्था लि.संग सम्झौता भै संचालन भैरहेको।
- तरकारीबाली पकेट विकास कार्यक्रम वडा नं,५ मटेरियामा रहेको श्री लोकप्ियरिय कृषि सहकारी संस्था लि. संग सम्झौता भै संचालन भैरहेको।
- मागमा आधारित व्यवसायिक कृषि कार्यक्रम, साना सिंचाई निर्माण तथा मर्मत संभार, मौर गोलाघार वितरण, साना मेरशनरी आजार उपकरण वितरण,मल्चिङ प्लाष्टिक वितरण आदि कार्यक्रम माग गरेका कृषक समूह/सहकारी /कृषि फर्महरुको स्थलगत अनुगमन गर्ने कार्य भैरहेको।

- वडा नं. ३ र ११ हथौसामा कृषि बजार संकलन केन्द्र निर्माणको लागि टेन्डर गरी सूचना प्रकाशन गरिएको छ।
- नगरपालिकामा अनुदानको मल बिक्री बितरणको लागि अनुमति प्राप्त २४ वटा सहकारीहरु मार्फत युरिया- ६४०५ क्वीन्टल, डि.ए.पी.-१८८३.३ क्विन्टल र म्यरेट अफ पोटास- ११३.५ क्वीन्टल कृषकहरुलाई उपलब्ध गराईएको।
- वडा नं. ७ रहेको गनसहवा पोखरी वार्षिक ३०,०००/- मा ठेक्का लगाईएको छ।

**पशु सेवा तर्फ**

- हिउँदे घाँस बिकास कार्यक्रम अर्न्तगत जै घाँसको बीउ १६५० के.जी. तथा बर्षिम घाँसको बीउ १८०० के.जी. नगरपिलका भित्र बितरण गरिउको।
- ३७९० पशुपन्छीहरुमा उपचार सेवा प्रदान गरिएको।
- १३२६ पशुहरुमा गोबर परिक्षण गरी रोग निदान गरिएको।
- ७५० गाई/भैसीहरुमा भ्यागुते/चरचरे रोग नियन्त्रणको लागी खोप लगाइएको।
- बर्डफलु तथा जुनोटिक रोगहरुको १२ पटक अनुगमन गरी प्रदेश तथा सघमा रिर्पोटिङ. गरिएको।
- ५० प्रतिशत अनुदानमा ४८ वटा ब्यवसायिक पशुपन्छी तथा मत्स्य फर्महरु सुदृढिकरणको लागी प्रक्रियामा रहेको।
- ७० प्रतिशत अनुदानमा २० वटा बिधुत्तिय च्यापकटर बितरणको लागी प्रक्रियामा रहेको।
- १०८० गाई/भैसीहरुमा कृत्रिम गर्भाधान सेवा प्रवाह गरी उन्नत नश्ल सुधार गरिएको।
- एक पालिका एक भेटेरीनरी डाक्टर भर्ना गरिएको।
- इपिडिमियोलोजि रोगहरुको प्रदेश तथा सघमा ६ पटक रिर्पोटिङ. गरिएको।
- पशु सेवा बिभाग तथा प्रादेशिक निकायहरुमा पशुपन्छी तथ्याँक तथा पशु सेवाको कार्यक्रमहरुको प्रगती ६ पटक सम्प्रेषण गरिएको।

**सहकारी र संघ/ संस्था**



CamScanner

बाणगंगा नगरपालिकामा जम्मा सहकारी संस्थाहरु ५९ वटा रहेका छन् जसमध्ये ५० वटा सहकारी संस्था नगरकार्यक्षेत्र अन्तरर्गत र ९ वटा प्रदेश कार्यक्षेत्र अन्तरर्गत रहेका छन्। जसमा ८ वटा सहकारी संस्था नगरपालिकामा दर्ता भई संचालित छन्। बाणगंगा नगरपालिकाले मासिक प्रतिबेदनका लागि एक रुपता, सहज, छिटोछरितो र प्रविधिमैत्री होस् भनि एक सफ्टवेयरको निर्माण गरेको छ। जसमा हालसम्म ५६ वटा संस्थाले आफ्नो मासिक प्रगति विवरण प्रविष्ट गराएका छन्।

| बाणगङ्गा नगरभित्र रहेका सहकारी संघसंस्थाहरुले अनलाई एन्ट्री गरेको आधारमा निम्मनानुसारको अवस्था देखिन्छ। | | |
|---|---|---|
| १ | शेयर रकम | ६२ करोड १७ लाख ६१ हजार ९६६ |
| २ | बचत रकम | २ अर्व २८ करोड ८२ लाख ५६ हजार |
| ३ | ऋण लगानी | ३ अर्व ३६ करोड ९६ लाख १५ हजार |
| ४ | संस्थाको सम्पति | १४ करोड ७२ लाख ८१ हजार |
| ५ | कोष रकम | ३४ करोड ७३ लाख २३ हजार |

यस नगरपालिकामा हालसम्म सूचिकृथ भएका १० वटा गै.स.स. रहेका छन, महिला तथा स्वावलम्बन समूह १०२ वटा र टोलविकास संस्था १०२ रहेका छन।

**आर्थिक विकासका विभिन्न क्षेत्रमा हालसम्म भएको खर्चको विवरण यसप्रकार रहेको छ।**

- कृषि तर्फ रु ६,३१,६५,०००/- विनियोजन भएकोमा रु ४५,०६,०००/- वा ७.१३% खर्च भएको छ।
- पशुपन्छी विकास तर्फ रु २,१४,८०,०००/- विनियोजन भएकोमा रु ११,८२,७५०/- वा ५.५१% खर्च भएको छ।
- उद्योग तर्फ रु ३१,५०,०००/- विनियोजन भएकोमा रु ४,७६,५९७/- वा १५.१३% खर्च भएको छ।
- पर्यटन तर्फ रु २६,००,०००/- विनियोजन भएकोमा हालसम्म खर्च नभएको।
- जलस्रोत तथा सिँचाई तर्फ रु १,८४,५३,७९७/- विनियोजन भएकोमा रु ४,९५,१६२/- वा २.६८% खर्च भएको छ।
- बन तर्फ रु १८,००,०००/- विनियोजन भएकोमा हालसम्म खर्च नभएको।
- भुमि व्यवस्था तर्फ रु ३६,००,०००/- विनियोजन भएकोमा हालसम्म खर्च नभएको।

- आर्थिक विकास क्षेत्रको कुल विनियोजित रकम रु. ११,४२,४८,७९७/- रहेकोमा हालसम्म रु.६६,६०,५०९/- अर्थात ५.८३% खर्च भएको देखिन्छ ।

**धन्यवाद !**

## ५. सामाजिक विकास समितिको प्रतिवेदन

सर्वप्रथम सामाजिक विकास समितिको संयोजक जस्तो महत्वपूर्ण जिम्मेवारीबाट यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७९।०८० को हालसम्मको सामाजिक विकास तर्फको प्रगति प्रस्तुत गर्न पाउँदा गौरबान्वित महशुस गरेको छु ।

सामाजिक विकास क्षेत्र तर्फ शिक्षा, स्वास्थ्य, महिला बालबालिका, आयुर्वेद आदि क्षेत्रहरुका योजना तथा कार्यक्रमको प्रगति निम्नानुसार रहेको छ ।

**शिक्षा तर्फ**

- मिडिया मार्फत हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गरिएको (होराईजन मा.वि. मा अन्तर मा.वि स्तरको )
- विद्यालय व्यवस्थापन समितिका क्षमता विकास तालिम संचालन गरिएको ( माछापुच्छ्रे होटलमा)
- शैक्षिक पहुँच सुनिश्चतता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत सामुदायिक अध्ययन केन्द्र मार्फत समूहमा च्याउ खेती सम्बन्धि अभिमूखिकरण कार्यक्रम र विउ वितरण कार्यक्रम सम्पन्न भएको छ । ( झलवाडमा सिक्दै कमाउदै भन्ने कार्यक्रम अन्तर्गत )
- अन्तराष्ट्रिय युवा दिवसको अवसरमा युवा प्रतिभा प्रतियोगिता सम्पन्न गरिएको छ । ( नगरपालिकाको सभाहलमा मा.वि. स्तरको बक्तित्वकला प्रतियोगिताद्वारा)
- शिक्षण कृयाकलापमा सुधारका लागि पुस्तकालय व्यवस्थापनमा ( ४ विद्यालयमा ६ लाख ५० हजारको दरले हेमराज मा वि हथौसा,शान्ति आधारभुत विद्यालय डुङ्गहवा, सूर्योदय

आधारभुत विद्यालय चप्परगाँउ र जननी आधारभुत विद्यालय मधुबन) कार्यक्रम वितरण गरिएको छ।

- शिक्षण कृयाकलापमा सुधार ल्याउन र प्रविधिमैत्रि बनाउन विज्ञान ल्यावका लागि ३ वटा विद्यालय छनौट गरी कार्यक्रम वितरण गरिएको छ।( ओदारी मा वि, जनचेतना आ .भु. वि बनगाई र पन्च आ.भु वि बैजलपुरलाई ६ लाख ५० हजारका दरले )
- राष्ट्रपति शैक्षिक सुधार र मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रममा परेका विभिन्न कार्यक्रमहरुको सम्झौता गरी कार्यान्वयनको चरणमा ल्याईएको। (जसमा भवन १० वटा ८ वटा ४ कोठे र २ वटा २ कोठे त्यस्तै ४ वटामा ICT Information Computer Technology निर्माण)
- मुख्यमन्त्रि शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ९ वटा विद्यालयमा मर्मत संभार, ४ वटामा ICT कार्यक्रम प्रदान गरिएको छ भने १५ वटा विद्यालयमा सेतो पाटी व्यवस्थापन गरिएको छ।

शिक्षा क्षेत्रमा विनियोजित कूल बजेट ३२ करोड ८५ लाख को २९% वित्तिय प्रगति भएको छ।

यति प्रगतिहरु हासिल गर्दागर्दै पनि बाणगंगा नगरको शिक्षा क्षेत्र केही समस्या तथा चुनौतीहरु देखिएका छन जसलाई निम्नानुसार प्रस्तुत गर्न चाहान्छु।

- समयमा शिक्षकहरुको पारिश्रमिक उपलब्ध नहुनुले शिक्षक शिक्षिकाहरुमा कामप्रति नैराश्यता श्रृजना हुने र शिक्षाको गुणस्तरमा समेत प्रभाव पर्ने हुँदा समयमै पारिश्रमिक उपलब्ध हुने व्यवस्थापन गर्न आवश्यक देखिएको छ।
- कतिपय विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति गठन हुन नसक्दा विद्यालयको विविध पक्षको कार्य सञ्चालनमा बाधा भएको छ।
- विद्यालयमा दरबन्दी र विषयगत शिक्षक अभावले पठन पाठनमा कठिनाई रहेको छ।
- विद्यालयमा जिन्सी व्यवस्थापन नहुँदा आन्तरीक लेखा परीक्षण र अन्तिम लेखा परीक्षणमा बेरुजुको रकम बृद्धि हुँदै गएको देखिन्छ।
- विद्यालयबाट समयमै खर्च र कार्यसम्पन्न भएका कागजात पेश नहुँदा कार्य प्रगतिमा कठिनाई भएको छ।

## स्वास्थ्य तर्फ

- यस नगरपालिका भित्र एउटा पिपरा अस्पताल, ६ वटा स्वास्थ्य चौकी, ४ वटा आ.भु.स्वा. केन्द्र संचालनम रहेको र बरवामा १ वटा शहरी स्वास्थ क्लिनिक संचालनमा छन् । जस मध्ये हाल ५ वटा स्वास्थ्य चौकीहरुमा LAB सञचालन गरिएको छ ।
- स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुने महिलाहरुलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईएको छ यस आर्थिक वर्षमा हालसम्म १५१ जना सुत्केरी आमाहरु लाभान्वित भएका छन ।
- मातृ शिसु तथा नव शिसु कार्यक्रम सञ्चालन भईरहेको छ ।
- स्वास्थ्य संस्थाहरुको सेवा प्रवाहमा आवश्यक औषधीको व्यवस्थापन भएको छ ।
- विद्यालय स्वास्थ्य शिक्षा/आमा समूह तथा महिला स्वास्थ्य स्यं सेविकाहरुका लागि सामाजिक व्यवहार परिवर्तन कार्यक्रम सञ्चालन भएका छन ।
- गत आर्थिक वर्षको स्वास्थ्य कार्यालयले विभिन्न सूचक र प्रगतिको आधारमा गरेको मुल्याङ्कनमा बाणगंगा नगरपालिका जिल्लामै प्रथम हुन सफल भएको छ ।
- पिपरा अस्पतालमा हाल विशेषज्ञ सेवा ( MDGP सहितको ) सुरुवात गरिएको छ ।
- क्षयरोग मुक्त बाणगंगा अभियान कार्यक्रममा सबै वडामा स्कृनिङ्ग शिविर संचालन भएको छ ।
- डेंगु रोग नियन्त्रणका विभिन्न क्रियाकलापहरु संचालन भई लार्भा खोजेर नष्ट गर्ने अभियान सम्पन्न भएको ।
- डेंगु रोग निदान र उपचार कार्यक्रम अन्तर्गत जम्मा ४१६ जनाको परिक्षण गरी जम्मा ९३ जना निदान गरिएको छ ।
- नगरका सम्पूर्ण वडाहरुमा नियमित रुपमा गर्भवती र सुत्केरी जाँच (PNC Visit) कार्यक्रम संचालन गरिएको छ ।
- विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत नगरका सम्पूर्ण विद्यालयहरुमा अध्ययनरत २ देखि ५ वर्षका बालबालिकाहरुलाई जुकाको औषधी वितरण गरिएको साथै किशोरीहरुको लागि आईरन फोलिक एसिड वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ ।
- स्वास्थ्य चौकीहरुको न्यूनतम सेवा मापदण्ड गर्दा नगर भित्रका ६ बटै स्वास्थ्य चौकीहरुले ८० प्रतिशत भन्दा माथिको स्कोर प्राप्त गरी गुणस्तर सेवा प्रदान गर्न सक्षम रहेको छ ।

CamScanner

- स्वास्थ्य सम्बन्धी तथ्याङ्कलाई भरपर्दो र गुणस्तरिय बनाउन स्वास्थ्यकर्मीहरुलाई आवश्यक पर्ने स्वास्थ्यका Recording Tools सम्बन्धी तालिम सम्पन्न गरिएको।
- खोप सेवालाई प्रभावकारी बनाउन नगरपालिकाको स्वास्थ्य शाखा बाटै कोल्ड चेन व्यवस्थापन गरिएको।

यसै गरी स्वास्थ्य सेवा तर्फ खाने पानी तथा सरसफाई पनि पर्ने हुँदा यस नगरका वडा नं १ का ८ वटा टोलहरु, वडा नं २ को १ वटा टोल, वडा नं ३ को १ वटा टोल र वडा नं ४ को १२ वटा टोल गरी जम्मा २२ वटा समुदायहरु सुरक्षित खानेपानीयुक्त समुदाय घोषण भईसकेको व्यहोरा जानकारी गराउन चाहान्छु।

**आयुर्वेद तर्फ**

- ५ दिने खुला योग शिविर सञ्चालन गरिएको ( बोर्डगाँउ कार्यालय परिसरमा )
- अध्ययन अनुसान्धान भ्रमण ( गोर्खा जिल्ला)
- गाउँघर क्लिनिक सञ्चालन भएका छन। (ओदारी र गजेहडामा )
- बाणगंगा नगरपालिकाले छुट्टाएको ११ वटा कार्यक्रम अन्तर्गत ६ वटा कार्यक्रम सम्पन्न भएका छन्।

आयूर्वेद तर्फ जम्मा ६३ लाख विनियोजन भएको बजेट बाट ३३ % वित्तिय प्रगति भएको जानकारी गराउन चाहान्छु। हालसम्मं स्वास्थ्य तर्फ विनियोजन भएको कूल ५ करोडा ९२ लाख ४० हजार बजेट बाट ५४.५८% वित्तिय प्रगति भएको जानकारी गराउन चाहान्छु।

यति प्रगतिहरु हासिल गर्दागर्दै पनि बाणगंगा नगरको स्वास्थ्य क्षेत्रमा केही समस्या तथा चुनौतीहरु देखिएका छन जसलाई निम्नानुसार प्रस्तुत गर्न चाहान्छु।

- यस नगरमा ६ वटा स्वास्थ्य चौकीहरु र ४ वटा आधारभुत स्वास्थ्य सेवा केन्द्रहरु संचालनमा रहेकोमा स्वास्थ्य चौकीहरुबाट प्रदान गरिने स्वास्थ्य सेवा भन्दा आधारमुत स्वास्थ्य सेवा केन्द्रबाट प्रवाह गरिने सेवा तुलनात्क रुपमा कमजोर देखिएको हुँदा सबै वडाहरुमा समान किसिमको सेवा विस्तारको लागि आवश्यक जनशक्ति र भौतिक पूर्वाधारको कमि रहेको छ।



CamScanner

- पिपरा अस्पतालको सेवा विस्तारको लागि चिकित्सक र विमा सेवा सहजताको लागि जनशक्ति र भौतिक पूर्वाधार व्यवस्थापनका कमि रहेको छ।

**महिला तथा बालबालिका शाखाको समिक्षा**

- महिला जनप्रतिनिधि तथा सरोकारवालाहरुका लागि महिला कानुनी अधिकार सम्बन्धी तालिम संचालन गरिएको
- महिला सहकारी संस्थाका पदाधिकारी, निगरानी समूह, महिला वालबालिका समिति तथा सरोकारवाला सबै निकायहरुसँग चौमासिक अन्तर्क्रिया कार्यक्रम संचालन गरिएको
- बाणगंगा नगरपालिका भित्र रहेका वडा नं. २ र ३ का विपन्न, पछाडि परेका महिलाहरुलाई सामाजिक कुरीति, कुप्रथा तथा लैंगिक हिंसा सम्बन्धि कार्यक्रम सञ्चालन गरिएको
- ट्रफिक सचेतना सम्बन्धि एक दिने नगरस्तरीय कार्यक्रम गरिएको,
- लिङ्ग पहिचान गरी भ्रुण हत्या गर्ने र विभेदपूर्ण लिङ्ग छनौट सम्बन्धि एक दिने नगरस्तरीय कार्यक्रम सञ्चालन गरिएको,
- महिला संग उपप्रमुख कार्यक्रम अन्तर्गत महिला कर्मचारी, महिला पत्रकार र महिला जनप्रतिनिधि विच ब्याडमिन्टन कार्यक्रम सञ्चालन गरिएको
- मतदाता शिक्षा कार्यक्रम संचालन गरिएको,
- जेष्ठ नागरिक दिवस मनाईएको ( गनसहवा आफ्नै भवनमा )
- मौलिक संकृति सम्बर्धन गर्नको लागि नगर स्तरीय खुला तीजगित प्रतियोगिता सञ्चालन गरिएको,
- अपाङ्गाता परिचय-पत्र, ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धि कार्यहरु सञ्चालन गरिएको,

महिला बालबालिका क्षेत्रमा विनियोजित कूल बजेट रु ८२ लाख २५ हजार ९ % वित्तिय प्रगति भएको छ।

यति प्रगतिहरु हासिल गर्दागर्दै केही समस्या तथा चुनौतीहरु देखिएका छन जसलाई निम्नानुसार प्रस्तुत गर्न चाहान्छु।

➢ महिला तथा वालबालिका शाखा अन्तर्गत कार्यक्षेत्र एवं जिम्मेवारी अन्तर्गत अपाङ्ग परिचय पत्र वितरण गर्दा कार्यविधिको ज्ञानको अभावमा वा कार्यविधिमा नपर्ने व्यक्तिलाई पनि सुरक्षा भत्ता पाउने गरी परिचय पत्र प्रदान गर्न दबाव आउने गरेको ।

धन्यवाद!

## ६. भौतिक पूर्वाधार विकास समितिको प्रतिविदन

**चालु आ.व. को अवस्था:**

➢ पूर्वाधार तर्फ आ.व. २०७८/०७९ मा सम्पन्न हुन नसकी म्याद थप भएका ७०/३० लागत साझेदारीको १ र ठेक्काबाट संचालित १२ वटा योजनाहरु मध्ये ७ वटा योजनाहरु सम्पन्न भै सकेका छन् भने ६ वटा योजनाहरु सम्पन्न हुने क्रममा रहेका छन्,

➢ सम्वन्धित वडाबाट रकम बिनियोजन गरी छनौट गरिएका वडा स्तरीय जम्मा २८५ योजना मध्ये २१ वटा योजना ठेक्काबाट संचालन हुने गरी सूचना प्रकाशन गरिएकोमा २० वटा योजनाको सम्झौता भई सकेको र १ योजना सम्झौता हुने क्रममा रहेको छ भने उपभोक्ता समिति मार्फत संचालन गरिने २६४ वटा योजनाहरु मध्ये ७८ वटा सम्झौता भईसकेका र १८६ वटा योंजनाहरु सम्झौताहरु हुने क्रममा रहेका छन् । जसमध्ये हालसम्म २४ वटा योजनाहरु सम्पन्न भै सकेका छन्,

➢ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत संचालित १० वटा विधालयहरुको ४ र २ कोठे भवन निर्माणका लागि सूचना प्रकाशन गरि सकिएकोले बोलपत्र दर्ता एंव सम्झौता हुने क्रममा रहेका छन्,

➢ पूर्वाधार तर्फ नगरबाट छनौट गरिएका १३१ वटा योजनाहरु मध्ये उपभोक्ता समिति मार्फत ९० र ठेक्काबाट ४१ वटा योजनाहरु संचालन हुने क्रममा रहेका छन्,

➢ उपभोक्ता समितिबाट संचालन गरिने ९० योजनाहरु मध्ये ५४ वटा योजनाहरु सम्झौता भएका र ३६ वटा योजनाहरु सम्झौताहुने क्रममा रहेका छन भने ६ वटा योजनाहरु सम्पन्न भै सकेका छन

➢ ठेक्का प्रक्रियाबाट सम्पादन गरिने नगरस्तरीय ४१ वटा योजनाहरु मध्ये २६ वटा योजनाहरुको सम्झौता भईसकेको ३ वटा सम्झौता हुने क्रममा रहेको र १२ वटा सूचना



CamScanner

प्रकाशन हुने क्रममा रहेका छन्। शसर्त तर्फका योजनाहरुलाई पहिलो प्राथमिकतामा राखी कार्यान्वयनको चरणमा लगिएको छ,

- नगरबाट संचालन हुने ५०/५० र ७०/३० नगद लागत सहभगितामा संचालन हुने योजनाहरु छनौटको प्रक्रियामा रहेका छन्,
- आ.व. २०८०/०८१ मा संघीय बिशेष अनुदान र सम्पुरक अनुदानबाट संचालन हुने योजनाहरु छनौट गरी राष्ट्रिय योजना आयोगमा पठाई सकिएको छ,
- जिल्ला समन्वय समितिबाट रु. १ करोड ४७ हजार ७ सय ६१ र नगरपालिकाबाट रु. १ करोड ३९ लाख ३० हजार ३ सय ८ गरी जम्मा रु. २ करोड ८७ लाख १२ हजार ६९ मा १ र ५ न. वडा कार्यालयहरुको प्रशासनिक भवन निर्माणको कार्य सम्पन्न गर्ने गरी बहुवर्षिय ठेक्का लगाउने कार्य अगाडी बढाईएको छ।

**बिगतका आ.व. देखि हालसम्म संचालन भएका योजनाहरुको अवस्था:**

- फोहरमैला व्यवस्थापनका लागि स्थान यकिन गरी प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन र बृहत परियोजना प्रतिवेदन डि.पि.आर. तयार गरि लगानीका सम्भावनाहरुको खोजी भईरहेको र तत्कालका लागि निजी क्षेत्रको समेत लागत साझेदारीमा फोहरमैला संकलन गर्ने कार्यलाई व्यवस्थित गरिएको छ,
- पन्चवर्षीय आवधिक योजना (आ.व.२०७९/०८०-२०८३/०८४) र यातायात गुरुयोजना तयार गरि समग्र नगर विकासको खाका तयार गरिएको छ,
- नगरको गौरवका आयोजनाकोरुपमा रहेका गौतमबुद्ध र मायादेवी रंगशाला, बाणगंगा चक्रपथको डि.पि.आर. तयार गरी लगानीका सम्भावनाहरुको खोजी भैरहेको र बसपार्कको डि. पि. आर. तयार भइसकेको र प्रारम्भिक वातावरणिय परिक्षण (IEE)को लागि TOR तयारीको क्रममा रहेको छ,
- स्थानीय तह स्थापना भए पश्चात प्रथम पटक निर्वाचित जन प्रतिनिधिहरुको कार्यकालमा राष्ट्रीय र प्रादेशिक सडक बाहेकका नगरभित्रका नगरस्तरीय एंव स्थानीय सडकहरुमा २०,९०६ मिटर सडकको स्तरउन्नती, १२,६२८ मिटर ग्राभेल, ८,१३१ मिटर कालोपत्रे, २८,४५८ मिटर नाली निर्माण र ९५ वटा कल्भर्ट निर्माण भैसकेका छन्,



CamScanner

- सिचाई कूलो ३,४९३ मिटर, २२३ वटा खानेपानी धारा जडान, २५१ मिटर विधुत लाईन विस्तार, ५ वटा मुल संरक्षण भएका छन्,
- शिक्षा पूर्वाधार ६०, मदरसा ५, खेल मैदान १९, स्वास्थ्य पूर्वाधार १५, पर्यटकीय पूर्वाधार ८, मन्दिर ५१, डिउहार ३३, प्रतिक्षालय २१ र बिभिन्न सस्थागत संरचना २७ वटा निर्माण भै सकेका छन्,
- त्यस्तै वातावरणीय क्षेत्रमा २३,३३० वर्ग मिटरमा बृक्षारोपण, ७१७ मिटर नदि नियन्त्रण, १३ पोखरी तथा ताल संरक्षण, १२ बाल उधान, १५ पार्क, ४१७ मिटर बांध निर्माण र ४ वटा चौपारी निर्माण भैसकेका छन्,
- औधोगिक ग्राम र कृषि उपज संकलन केन्द्रको DPR मा उल्लेख भए बमोजिमका आवश्यक पूर्वाधार निर्माण गर्ने कार्यलाई निरन्तरता दिईएको र कृषि उपज संकलन केन्द्र पुरा गर्न प्रदेश विशेष अनुदानको लागि पहल गरिएको छ,
- आ.व. ०७८।७९ सम्म १०१२ नयाँ घर दर्ता र ३३८० पुरानो घरदर्ता भएका र आ.व. ०७९।८० मा १४ नयाँ घरदर्ता र ७८ पुरानो घर दर्ता थप भई जम्मा क्रमशः १०२६ नयाँ घर र ३४५८ पुरानो घर गरी ४४८४ घर दर्ता भएका छन् ।

समस्या तथा चुनौतीहरुः

क) अव्यवस्थित शहरीकरणले नगरपालिकाको प्राकृतिक वातावरण र कृषियोग्य जमिनमा तिब्र ह्रास आएको छ । अव्यस्थित प्लटिंगले जग्गा खण्डीकरण हुदै गएको छ,

ख) सार्वजनिक जग्गाको बढ्दो अतिक्रमणले साँस्कृतिक र ऐतिहासिक सम्पदाहरुको संरक्षणमा समस्या भईरहेको छ,

ग) जग्गाको मुल्य निरन्तर आकाशिदो छ, जसका कारण पूर्वाधार विकासका लागि जग्गा प्राप्त गर्न झन जटिल हुदै गएको छ,

घ) खेतीयोग्य जमिनको ठूलो हिस्सामा सिचाई सुविधा उपलव्ध गराउन सकिएको छैन,

ङ) सिमित साधन स्रोतका बावजुद असिमित आवश्यकताहरु परिपूर्ति गर्नुपर्ने बाध्यता रहेको छ,

च) खानेपानी, सरसफाई र फोहरमैला जस्ता आधारभुत शहरी पूर्वाधारहरुको पर्याप्त निर्माण गर्न सकिएको छैन,

छ) बातावरण जोगाउन र जोखिमहरुबाट बच्ने उचित उपायहरु अबलम्वन गर्ने बिपद उत्थानशिल प्रयासहरु सस्थागत भैसकेका छैनन्,

ज) योजना तर्जुमा, डिजाईन गर्ने र कार्यान्वयन गर्ने कार्यमा नगरको संस्थागत क्षमता सिमित छ,

झ) तीन तहका सरकार वीचको योजना, तर्जुमा र कार्यान्वयनमा समन्वय र सहकार्य गर्ने अभ्यास बनिसकेको छैन,

ञ) आधारभूत सार्वजनिक सेवाहरुको प्रवाहमा सुधार ल्याउन सस्थागत एंव पूर्वाधार संरचनाहरु सिमित मात्रमा प्रयोगमा ल्याउन सकिएको छ।

<u>सम्भावना र अबसर :</u>

क) नगरपालिकाको भौगोलिक अवस्था अनुकुल रहेकोले विकासका प्रशस्त सम्भावना रहेका छन्,

ख) बाणगंगा नगरपालिका धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदाको प्रचुर मात्रमा उपलव्धता छ,

ग) यातायातको हिसाबले सबै वडाहरु सडक संजालसंग जोडिएका र नगरपालिकाको मध्यभागबाट पूर्व पश्चिम राजमार्गले जोडेको छ,

ग) बढ्दो शहरीकरणका कारण आर्थिक क्रियाकलपहरु बृद्धि दर दिन दिनानुदिन बढ्दो क्रममा रहेको छ,

घ) अन्तराष्ट्रिय बिमान स्थलको रुपमा स्तर बृद्धि गरिएको भैरहवा बिमान स्थल नजिकै रहेकोले पर्यटन स्थलको रुपमा विकास गर्न सकिने प्रवल सम्भावना रहेको छ,

ङ) जिल्लामा संचालित दुइवटा ठुला भन्सारनाकाहरुसंग सिधै सडक संजाल जोडिएको एंव अन्य छिमेकी जिल्लाहरुमा जाने सडक संजालसंग जोडिएकोले व्यापारिक नाकाको रुपमा स्तरबृद्धि गर्न सकिने प्रवल सम्भावना रहेको छ,

च) गौतमबुद्ध संग सम्वन्धित लुम्विनी र तिलौराकोट नजिकै रहेकोले पर्यटकहरुलाइ भित्राउन सकिने पर्याप्त सम्भावना रहेको छ,

छ) खाली ठाउ र सार्वजनिक स्थलहरु प्रशस्तमात्रमा भएकोले विकासका पूर्वाधारहरु निर्माण गर्न सकिने पर्याप्त सम्भावना रहेको छ,

ज) नगरपालिकाको क्षेत्रभित्र बाणगंगा नदिमा दुईवटा सिचाई आयोजनाहरु संचालनमा रहेकोले सिचाई सुविधा सहज रुपमा उपलब्ध गराई कृषि उत्पादनमा बृद्धि गर्न सकिने पर्याप्त सम्भावना रहेको छ,

झ) बाणगंगा नदिलाई जलाशयको रुपमा प्रयोग गरी तिलौराकोट सम्म जलमार्गको रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ,

ञ) नगरपालिका शहरीकरणकोरुपमा बिकास हुन लागेकोले व्यवस्थित शहर निर्माण गर्न सकिने सम्भावना रहेको छ ।

धन्यवाद !

## ७. सार्वजनिक सेवा तथा सुशासन समितिको प्रतिवेदन

सर्वप्रथम सार्वजनिक सेवा तथा सुशासन समितिको संयोजक जस्तो महत्वपूर्ण जिम्मेवारीबाट यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७९।०८० को हालसम्मको सार्वजनिक सेवा प्रवाह शुसासन तर्फको प्रगति प्रस्तुत गर्न पाउँदा गौरबान्वित महशुस गरेको छु ।

चालु आर्थिक वर्ष २०७९।०८० को प्रगति भन्दा पहिले म यस अगाडीका प्रगतिहरुको तुलनात्मक तथा सारांसमा समिक्षा गर्न चाहान्छु ।

सर्वप्रथम त हाम्रो कार्यकाल अगाडी यस नगरपालिकाले सार्वजनिक सेवा प्रवाह र शुसासनमा आ.व.०७५।७६ मा नेपालकै प्रथम नगरपालिकाको अवार्ड पायको थियो सोही बमोजिम हामिले त्यसलाई निरन्तरता दिन सक्यौं सकेनौं यो समिक्षाको विषय रहेको छ ।

आर्थिक वर्ष २०७४।७५ मा ३१ लाख १९ हजार मात्र रहेको नगरपालिकाको वेरुजु हालसम्म आईपुग्दा ११ करोड ८८ लाख भएको छ । यस किसिमबाट बेरुजु बृद्धि हुँदै जानुले आगामी दिनंहरुमा नगरपालिकाको वित्तिय अनुशासन माथी प्रश्न श्रृजना हुँदै जान सक्ने सम्भावना देखिन्छ । अतः यस किसिमको बेरुजुहरुलाई नियन्त्रण गर्न र बेरुजु फछर्यौटमा तदारुकता देखाउन अत्यन्त जरूरी देखिन्छ ।

बाणगङ्गा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, स्वास्थ्य चौकी, पिपरा अस्पताल, आयुर्वेद औषधालयको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट बजेटहरुको व्यवस्थापन गर्दा जम्मा १३३ जना स्थायी कर्मचारीहरुको लागि आवश्यक पर्ने बजेटलाई मात्र

समावेश गरेर शसर्त बजेट बिनियोजन गर्ने गरेको छ। यस कार्यालय र अन्तर्गत आवश्यक पर्ने सेवा प्रवाहको लागि २०८ जना कर्मचारीहरु कार्यरत छन् करीव ७५ जना कर्मचारीहरुको स्थानीय तहको आफ्नो राजस्व क्षमताबाट व्यवस्थापन गर्नुपर्दा झन्डै ३ करोड नगरपालिकाको आन्तरीक स्रोतबाट खर्च भईरहेको छ। यसलाई राजस्व सुधार कार्ययोजना तयार गरी दिर्घकालिन रुपमा स्रोत व्यवस्थापनको दायर बढाउँदै लैजानुपर्ने आवश्यकता रहेको छ। साथै सबै वडाहरुमा सेवा प्रवाहलाई व्यवस्थित गर्नको लागि १ जना वडा सचिव, १ जना सहायक, १जना प्राविधिक र १ जना कार्यालयसहयोगी गरी कम्तिमा ४ जना कर्मचारीहरुको व्यवस्थापन हुनुपर्ने देखिन्छ।

फर्म दर्ता र नविकरणको कार्य नगरपालिकामा यथावत गर्दै व्यवसायीक कर उठाउने जिम्मा वडा कार्यालय मार्फत गर्दा अत्यन्त प्रभावकारी हुने र राजस्व वृद्धिमा ठूलो सकरात्मक प्रभाव पर्ने देखिन्छ।

**सभाअध्यक्ष ज्यू**

- अघिल्लो आर्थिक वर्ष २०७८।७९ को वार्षिक समिक्षा कार्यक्रम सम्पन्न गरिएको छ।
- नगरको सेवा प्रवाह, योजना तथा कार्यक्रम कार्यान्वयन गर्दै यस चालु आ.व.२०७९।०८० को करीब मध्यतिर आईसकेका छौं। नगरको हालम्म चालु तर्फ १५ करोड १३ लाख ३३ हजार ८ सय र पूजीगत तर्फ २ करोड ५४ लाख १३ हजार ८ सय खर्च (चालु १२.७०% र पुँजिगत २.१३ %) भएको छ।
- लागु औषदको बढ्दो जोखिमलाई न्यूनिकरण गर्न ईलाका प्रहरी कार्यालय पिपरालाई लागु औषद टेस्ट किट उपलब्ध गराईएको छ।
- हलसम्म नदीजन्य पदार्थको प्रारम्भिक वातावरणिय परीक्षण (IEE) कार्य सम्पन्न भई ठेक्का प्रकृयामा रहेको छ।
- करीव ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड गरी ८६ वटा कानूनहरु तर्जुमा भई कार्यान्वयनमा रहेका छन।
- भू-उपयोग ऐन र नियमावली बमोजिम स्थानीय भु-उपयोग परिषद्को गठन भएको छ। भूमी वर्गिकरण सम्बन्धी कार्यविधि र भू-वर्गिकरण मापदण्ड तर्जुमा गरी यस नगरपालिकाको क्षेत्रलाई विभिन्न १० वटा वर्गमा वर्गिकरण गरिएको छ।
- सार्वजनिक निकायले प्रत्येक ३ महिनामा सार्वजनिक गरी प्रकाशन गर्नुपर्ने सूचनाको हक सम्बन्धी प्रतिवेदनहरु सार्वजनिक गरिएको छ।



CamScanner

- कर्मचारीहरुको फरक फरक कार्य अनुभव दिलाउन नगरको नीति बमोजिम अधिकृत तथा सहायक स्तरका २८ जना कर्मचारीहरुलाई फरक फरक जिम्मेवारीमा सरुवा गरिएको छ।
- संघीय सशर्त प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी संचालनको लागि रिक्त रहेका रोजगार संयोजक र रोजगार सहायक पदहरुमा पदपूर्ती भएका छन्। गरिबी निवारणका लागि लघुउद्दम विकास कार्यक्रम (MEDPA) र सामी कार्यक्रमको लागि रिक्त रहेका पदहरु पदपूर्ती क्रममा रहेका छन्।
- फ्युज सेवा केन्द्रलाई स्तरोन्नती गरी वितरण केन्द्र बनाउनको लागि सम्बन्धित निकायमा पुनः पहल गरिएको छ।
- नापी र मालपोत कार्यालयहरु बाणङ्गा नगरपालिकामा स्थापना गर्न नगर प्रमुखज्यू समेतको सहभागितामा विभाग मन्त्रालय गई सम्बन्धित निकायसंग छलफल गरी माग समेत गरिएको छ।

यति प्रगति हासिल गर्दा सम्म नगरमा विभिन्न खालका चुनौतीहरु आएका छन जुन निम्नानुसार प्रस्तुत गर्न चाहान्छु।

आर्थिक वर्षको अन्त्यतिर योजनाहरुको कार्यान्वयन गर्ने तथा अनुगमन जस्तां कार्यमा बढी समयको व्यवस्थापन गर्नुपर्ने भएकोले अभिमूखीकरण, तालिम, गोष्ठी जस्ता कार्यहरु माघ महिनाभित्रै सम्पन्न गरी विकास निर्माणका कार्यमा लाग्नुपर्ने देखिन्छ।

- हिजोको दिनहरुमा हामिले नेपाल सरकार र अन्तर्गतका निकायहरुको पूँजीगतको खर्च कम र चालु खर्च बढी हुने र अधिकांस कामहरु आर्थिक वर्षको अन्तिमतिर हुने र भुक्तानीको प्रतिशत पनि बढी देखिँदा विकास निर्माणको काममा तदारुकता नदेखाएको महसुस हुन्थ्यो तर हाल हामी आफ्नै स्थानीय सरकार हुँदा र आफै जनप्रतिनिधिको रुपमा विकास निर्माणका काममा संलग्न हुँदा पनि उही अवस्थामा रहनुले हामीलाई पनि सर्वसाधरण जनताले सुधारात्मक किसिमले मूल्याङ्कन गर्ने अवस्थाको सृजना गर्ने कार्यक्रमहरु ल्याउनुपर्ने हुन्छ।
- नगरको सबैभन्दा बढी आलोचना हुने विषय मध्ये घरनक्सा पास पनि एउटा क्षेत्र हो। घरनक्सा सम्बन्धि अनविज्ञता र अनुभवको कमिले धेरै सेवाग्राहीहरुले सास्ती व्यहोर्नुपरेको गुंनासोहरु सुनिन्छन्। उनीहरुका जिज्ञाशा र सो विषमा वडाका सबै वडा सदस्य तथा टोलविकास समितिका पदाधिकारीहरुले सामान्य जानकारीहरु पनि दिन नसक्दा घरनक्सा

पस र अभिलेखिकरण कार्यलाई प्रभावकारी रुपमा व्यवहारमा ल्याउन सकिएको छैन। अतः वडाका सबै जप्रतिनिधि एवं टोल विकास संस्थाका प्रतिनिधिहरुको लागि घरनक्सा सम्बन्धी अभिमुखिकरण गर्ने कार्यमा लगानि गर्नुपर्ने सार्वजनिक सेवा तथा सुशासन समितिको ठम्माई रहेको छ।

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार प्रत्येक स्थानीय तहले आवधिक योजनाको आधारमा मध्यमकालिन खर्च संरचना (MTEF) तैयार गरी नगर सभाले स्वीकृत गर्नै पर्ने प्रावधान रहेको छ। थप विषय विज्ञ समेतको सहायता र जनप्रतिनिधि एवं शाखा प्रमुखहरुको जनशक्तिलाई परिचालन गरी मध्यमकालिन खर्च संरचना तयार गर्ने गरी कार्यक्रमको अभिमुखिकरण कार्यक्रम गर्नुपर्ने आवश्यकता देखिएको छ।
- विभिन्न स्थानीय तहका सृजनात्मक कार्यक्रमहरुबाट सिक्नुपर्ने विषयहरु थुप्रै हुन्छन अतः जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अध्ययन अवलोकन भ्रमण र क्षमता विकास सम्बन्धी कार्यक्रमको लागि समयमै पहल गर्नुपर्ने देखिन्छ।
- फिल्डमा खटिने प्राविधिक कर्मचारी पारिश्रमिक सुविधा अरु कर्मचारी सरह भएको तर फिल्डमा खटिंदा खाजा तथा ईन्धन खर्चहरु पनि आफै व्यवस्थापन गर्नुपरेको गुनासोहरु सुनिन्छ। यस विषयलाई समयमै सम्बोधन गरी कर्मचारीहरुलाई प्रोत्साहन गर्न आवश्यक छ। साथै कर्मचारी पोत्साहन सम्बन्धी कार्यविधिलाई संसोधन गरी वैज्ञानिक, व्यवहारिक र सहज बनाउन आवश्यक देखिन्छ।
- संघीय तथा प्रादेशिक निकायहरुसंग योजनाहरुको सिफारिस तथा बजेट माग गर्दा आवधिक योजनाको क्रमसंख्यालाई उल्लेख गरी सिफारिस गर्ने वातावरणको सृजना गर्ने व्यवस्था मिलाउनु उपयुक्त हुन्छ अतः मौजुदा आवधिक योजनालाई एकपटक अद्यावधिक गरी व्यवहारमा ल्याउनुपर्ने देखिन्छ।
- सामुदायिक वनहरुले स्थानीय तहमा जम्मा गर्नुपर्ने रकम तत्काल जम्मा गर्ने व्यवस्थाको लागि ताकेता गर्दै सामाजिक विकास निर्माणका गतिविधिहरु गर्दा समन्वयात्मक भूमिका हुने व्यवस्था थालनि गर्न र विश्वमा वृद्धि हुँदै गईरहेको बढ्दो जलवायु परिवर्तनलाई न्यूनिकरण गर्न साभुदायिक वनहरुसँग साझेदारी रुपमा कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ।
- विभिन्न ठाउँहरुमा सञ्चालित सहकारी संघसंस्थाहरुमा वित्तिय सुशासन कम भएका कारण बेलाबेलामा ठगिका/विभिन्न समाचारहरु आउने गरेका छन। बाणगङ्गा नगरपालिकाभित्र

यस्ता खालका अवस्थाहरु सृजना हुन नदिन समयमै सहकारी संघसंस्थाहरुको वित्तिय तथा प्रशासनिक व्यवस्थापनको अनुगमन मूल्याङ्कनलाई जोड दिनुपर्दछ ।

धन्यवाद!

## ८. बन, वातावरण तथा विपद व्यवस्थापन समिति प्रतिवेदन

*यस गरिमामय नगरसभाका सभाध्यक्ष महोदय, उपाध्यक्षज्यू, सचिब ज्यू, सदस्य ज्यूहरु, कर्मचारीहरु,*

बाणगंगा नगरपालिकाको बाह्रौ मगरसभामा निर्वाचित जनप्रतिनिधिको हैसियतले सम्बोधन गर्न पाउँदा हर्षित छु। स्थानीय सरकारको रुपमा व्यवस्थापकीय, कार्यकारी र न्यायीक क्रियाकलाप सञ्चालन गर्दै प्रभावकारी बिकास र सेवा प्रवाह गरी हाम्रो बाणगंगा नगरपालिका देशको अग्रणी पालिकाको रुपमा स्थापित भएको छ। यस्तो उदांहरणीय पालिकाको स्थानीय नेतृव्व वहन गर्दै नगरसभासमक्ष उपस्थित हुँदै गर्दा गौरम्भान्वित भएको छु।

आज हामी बाणगंगा नगरपालिकाबाट २०७९/८० को बजेट कार्यान्वयन गर्दै गर्दाको समयमा हिउदे नगरसभामा सहभागी भएका छौं। समृद्ध नगर शुखी नगरवासीको चाहना पुरा गर्न हाम्रा हर प्रयास केन्द्रित छन्। उपलब्ध सिमित स्रोतबाट नगरको आर्थिक, सामाजिक, भौतिक, वातावरणीय, सांस्कृतिक समुन्नति हासिल गरी सम्मानित नागरिक भई बाँच्न हाम्रो नीत, बजेट तथा कार्यक्रम निर्देशित छन्।

*सभाध्यक्षज्यू तथा सदस्यज्यहरु,*

सम्पुर्ण क्षेत्रको समग्र विकासबाट नगरको विकास सम्भव हुने हुँदा हामी आ- आफ्नो ठाउ, जिम्मेवारी र समितिबाट उक्त साझा लक्ष्य प्राप्तिमा क्रियाशिल रहेका छौं। अब म यस गरिमामय सभा समक्ष वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको तर्फबाट उक्त विषयसँग सम्बन्धित बिषयवस्तु राख्न गइरहेको छु।

*सभाध्यक्षज्यू तथा सदस्यज्यहरु,*

नगरक्षेत्रभित्रको वन जंगल संरक्षण गरी सार्वजनिक स्थल र नदी किनारहरुमा वृक्षारोपण गर्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गर्नुपर्दछ। वनजंगलका वनस्पति तथा काष्ठजन्य पदार्थ, वनजन्तुको अबैध चोरी निकासी तथा ओसारपसार रोक्न नगरभित्रका सामुदायिक वन उपभोक्ता समिति तथा सुरक्षा निकाय र बन कार्यालयसँग समन्वय गर्न नगरपालिकासमक्ष सिफारिस गर्ने।



CamScanner

नगरभित्रका सार्वजनिक स्थल, बनजंगल तथा प्राकृतिक सम्पदाको अतिक्रमण रोक्न भुमी सम्बन्धी आयोगको अव्यवस्थित वसोबासीको व्यवस्थापन गर्ने कार्य शिघ्रताका साथ सम्पन्न गर्ने गरी नगरपालिका क्रियाशिल हुनुपर्दछ। नगरभित्रका ताल तलैया, पोखरी, सिमसार क्षेत्रको संरक्षण गरी पर्यापर्यटन प्रवर्दधन गर्नु पर्दछ। वन सम्पदा संरक्षण तथा प्राकृतिक श्रोतको विवेकपूर्ण उपयोगका लागि समुदाय तथा विद्यालयस्तरमा जनचेतना जगाउने, जागरण ल्याउने क्रियाकलाप सञ्चालन गर्न नगरपालिकाको ध्यान आकर्षित हुनु आवश्यक छ।

*सभाध्यक्षज्यू तथा सदस्यज्यूहरु,*

सामुदायिक बन उपभोक्ता समितिबाट समुदायमा आधारित, समुदायबाट संरक्षित एवं व्यवस्थित वन व्यवस्थापन प्रणाली अपनाइएको परिप्रेक्षमा नगरका सामुदायिक वन उपभोक्ता समितिलाई जीविकोपार्जनका लागि वनजंगलको अबधारणालाई सार्थक तुल्याउने कार्यको लागि विशेष धन्यवाद व्यक्त गर्दछौ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगरपालिकाभित्रका सामुदायिक वनले वार्षिक कार्ययोजना नगरपालिकाबाट स्विकृत गराइ कार्यान्वयन गर्नको लागि प्रोत्साहित गर्नुपर्दछ। उक्त कानूनी व्यवस्थाको पूर्ण कार्यान्यिन नभएको वर्तमान समयमा सम्बन्धित वडाका जनप्रतिनिधिको सक्रियतामा नगरभित्रका विभिन्न ३८ सामुदायिक वन उपभोक्ता समितिबाट वातावरणमा प्रतिकुल प्रभाव नपर्ने र बनजंगलको दिगो उपयोग हुन सघाउने कार्ययोजना निर्माण गर्न/ गराउन आवश्यक सहयोग हुनुपर्दछ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम वन उपभोक्ता समितिले आफ्नो वनपैदावर बिक्रीबापत गर्ने आम्दानीको १०% रकम नगरको सञ्चित कोषमा दाखिला गर्ने प्रावधान अनुसार वन समितिलाई करको दायरामा ल्याउन, राजस्व संकलनमा वृद्धि गर्न र विकासमा वनसँग आवश्यक सहकार्य गर्न किन्चित विलम्ब गर्नु हुँदैन।

नगरपालिकाको ल्याण्डफिल्ड साइटको डीपिआर तयार भएको भएता पनि फोहर प्रशोधन केन्द्र निर्माणको लागि जग्गा व्यवस्थापन गरी पूर्वाधार निर्माण लगायतका कार्यलाई प्राथमिकता दिनुपर्दछ। सुन्दर, सफा र हराभरा नगर बनाउन फोहोर व्यवस्थापनको दिर्घकालीन उपाय अबलम्बन गर्न स्थानीयबासीसँग समझदारी तथा लगानी श्रोतको व्यवस्थापनमा संघ, प्रदेश साथै निजीक्षेत्रसमेतको साझेदारी गर्ने नीति व्यवहारमा रुपान्तरण गर्नु अहिलेको टडकारो आवश्यकता हो। तत्कालिक फोहोरमैला व्यवस्थापनको लागि फोहोरमैला स्रोतमै वर्गिकरण गर्ने, संकलन गर्ने एवं निजी व्यवसायीसँगको सम्झौताबमोजिम संकलन र प्रशोधन गर्ने कार्यलाई प्रभावकारी तवरले अगाडि बढाउनु पर्दछ। फोहर संकलक निजी क्षेत्रबाट तोकिएको दरभन्दा बढी फोहोरसंकलन शुल्क नलिन सचेत गराउने, नियमन गर्दै नगरबासीलाई फोहोरको सही ठाउँमा विसर्जन गर्न जागरुक बनाउने हाम्रो दायित्व हो।

*सभाध्यक्षज्यू एवं सदस्यज्यू,*

नगरपालिकाको खोला ठेक्का नलागि रहेको समयमा पनि यदाकदा ढुङ्गा, गिट्टी, बालुवा चोरी निकासी भएको पाइएकोले सोको नियन्त्रणको लागि प्रहरी प्रशासनसमेतको सहयोगमा अनुगमन प्रभावकारी रुपमा अगाडि बढाउनुपर्छ । नगरपालिकाबाट आगामि दुई वर्षका लागि नगरक्षेत्रका नदीको वातावरणीय प्रभाव मुल्यांकन भएकोमा जनस्तरबाट प्राप्त राय एवं बिज्ञबाट प्राप्त सुझाब बमोजिम प्रतिवेदनमा तोकिएबमोजिम नदीजन्य पदार्थ बिक्रीको ठेक्का बन्दोबस्त गर्नुपर्दछ । जोखिम क्षेत्र पहिचान गरी नदीनालामा तटबन्ध बाँध्ने, नदी किनार वृक्षारोपण गर्ने तथा नदीनालामा प्रशोधनबिना ढल विसर्जन गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ । गोबर ग्याँस, सोलार उर्जा, नविकरणिय उर्जा प्रवर्दन गर्ने साथै समृद्धिका लागि बन जस्ता कार्यक्रम विस्तार एवं प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

नगरको प्राकृतिक विशिष्ट अवस्था, महामारी तथा स्थानीयबासीको व्यक्ति विशेषका समस्या सम्बोधन गरी सुरक्षित र न्यायपूर्ण समाज निर्माण गर्नु आजको अपरिहार्यता हो । हिउद महिनामा तापक्रम न्यून भएको, शितलहर चलिरहेकोले विपन्न परिवारको जनजीवन कष्ठदायी हुन पुगेको छ । नगरमा सामुदायिक वनसँग हालसालै भएको छलफलबाट चिसोपनबाट बच्न काठ, दाउरा व्यवस्थापन गर्न सघाउने कुरा अघि बढेको छ । नगर तथा वडाबाट लक्षित परिवार तथा व्यक्तिका लागि कब्बल, न्यानो कपडा वितरण हुन र चिसो मौसम साथै शितलहरबाट बच्न जनचेतना अभिबृद्धि गर्नु पर्दछ । नगरपालिकाबाट राहत तथा महामारी रोग रोकथामका लागि विपद व्यवस्थापन कोषबाट हालसम्म रु.६५३८००।– खर्च भएको छ । नगरपालिकाबाट लक्षित व्यक्तिको लागि राहत पुगेको महसुस हुने गरी राहत वितरण तथा कार्यक्रम सञ्चालन हुनु आवश्यक छ । विभिन्न वडा कार्यालयबाट समेत विपद् व्यवस्थापनको लागि बजेट बिनियोजन भएको पाइएकोले नगर र वडाको बजेट खर्चमा समन्वय गर्दै दोहोरोपना नहुने गरी वास्तविक पिडितलाई सम्बोधन गर्ने गरी खर्च गर्नु आवश्यक छ । नेपाल सरकारबाट गम्भिर रोगले ग्रसित व्यक्तिका लागि मासिक भत्ता वितरण गर्ने कार्यक्रम अघि सारिएको भए पनि हाम्रो नगरपालिकामा सोको कार्यान्वयन नभएको पाइएकोले उक्त भत्ताको लागि बजेट व्यवस्था गर्न एवं शोधभर्ना प्रकृया अगाडि बढाउन नगरपालिका अग्रसर हुनु जरुरी भएको व्यहोरा सिफारिस गर्ने । नगरमा विपद् व्यवस्थापन तथा न्यूनीकरणका क्रियाकलाप सञ्चालन गर्न विपद् व्यवस्थापन केन्द्र स्थापना गर्ने र विपद नियन्त्रणको लागि सुरक्षा निकाय, सामाजिक संस्थासँग हातेमालो गरिनुपर्दछ ।

*सभाध्यक्षज्यू, उपाध्यक्षज्यू, सदस्यज्यूहरु*

बाणगंगा नगरपालिकाका विकास गतिविधि वन र वातावरणमा प्रतिकुल असर पार्ने खालका हुनु हुँदैन् । हाम्रो समग्र क्रियाकलाप वातावरण अनुकुल, प्राकृतिक स्रोतको दिगो उपयोग गर्ने गरी अगाडि बढ्नु पर्दछ । समाजमा कोही पनि राज्य विहिनताको अवस्थामा रहन नपरोस भन्नका लागि सामाजिक सुरक्षा तथा विपद् व्यवस्थापनमा नगरपालिकाको ध्यान केन्द्रित हुन जरुरी छ । नगरपालिकाको वजेटले वन, वातावरण र विपद व्यवस्थापनको क्षेत्रमा उच्च प्राथमिकता पाउन सक्ने अवस्था रहोस र समग्र क्षेत्रको सन्तुलित र समन्यायीक विकासमा हाम्रो प्रतिवद्धता व्यक्त गर्दै, आफ्ना भनाइ यही अन्त गर्छु ।

धन्यवाद !



CamScanner

अनुसूची-३

## बाणगङ्गा नगरपालिकाको १२औं नगरसभा २०७९।०९।२९ मा प्रस्तुत गरिएको सार्वजनिक महत्वका प्रस्तावहरु

यस बाणगङ्गा नगरपालिकाको सेवा प्रवाह, शुसासन, विभिन्न विकासका गतिविधिहरु, संस्कृति संरक्षण र प्रर्यटन विकास लगायतको क्षेत्रहरुलाई प्राथमिकता दिंदै थप सार्वजनिक महत्व प्रस्तावहरु पेश गर्न चाहान्छु।

१. लागु औषध दुर्व्यसनी एउटा मन्द विषको रुपमा फैलिरहेको छ भविष्यमा यसलाई नियन्त्रण र व्यवस्थापन गर्न ठूलो आर्थिक व्यय हुने सम्भावना देखिएको छ। विभिन्न हत्या हिंसा, बलत्कार जस्ता जघन्य अपराधका घटनाहरु बढ्नुमा पनि लागु औषध दुर्व्यसनीको प्रभाव रहेको छ। त्यसैले यसलाई बेलैमा नियन्त्रण गर्न र यस विषयमा गम्भिर हुन आग्रह गर्दै शान्ति तथा अमनचयनको लागि सबैलाई अनुरोध गर्न आवश्यक छ।

२. हाल बढी रहेको शितलहरका कारण गरीव दुखिहरुको स्वास्थ्यमा प्रभाव नपरोस यस क्षेत्रमा सम्बन्धित वडाका जनप्रतिनिधि, महिला स्वयसेविका र सवै स्वास्थ्य संस्थाहरुले जनधनको न्यूनीकरण गर्न अपनाउनुपर्ने कार्ययोजना बनाई लागु गर्न आवश्यक देखिन्छ ।

३. शितलहरको अन्त्यतिरबाट गर्मीयाम शुरु हुने र हावा हुरी आँधी, गर्मी, आगलागी एवं अन्य महामारिहरु पनि बढ्न सक्ने भएकोले सबैलाई पूर्व तयारी सहित सतर्क रहन समन्वयको आवश्यकता देखिन्छ।

४. बाणगङ्गा नगरपालिकाका कृषकहरुको मुख्य समस्याको रुपमा रहेको छाडा चौपाया व्यवस्थापनको विषयलाई मुख्य प्राथमिकतामा राखि दिर्घकालिन रुपमा व्यवस्थापन गर्न अत्यावश्यक रहेको छ।

५. बाणगङ्गा नगरपालिकाको अर्को मुख्य समस्यामा रहेको विषय फोहोरमैला व्यवस्थापन हो आर्थिक वर्ष २०७४।०७५ देखि नीति तथा बजेटमा यो विषयले प्राथमिकता पाउने गरेको भएता पनि हालसम्म व्यवस्थापन हुन नक्दा धेरै गुनासोहरु र जनप्रतिनिधिलाई आरोप लाग्दै आईरहेको छ। यसलाई छिटो छरितो व्यवस्थापन गर्न सबै जनप्रतिनिधिहरु लाग्नुपर्ने आवश्यक छ।

धन्यवाद!

CamScanner

अनुसूची-४

| वडा न. | क्र.स. | योजना/कार्यक्रम/स्रोत | विनियोजित बजेट | घटाउने बजेट | कायम हुने बजेट | क्र.स. | योजना/कार्यक्रम | विनियोजित बजेट | थपघट बजेट | कायम हुने बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | थारुहरुको मुराका थान निर्माण बुंचीटोल | २०० | २०० | ० | १ | थारुहरुको शिब मन्दिर निर्माण बुंचीटोल | ० | २०० | २०० |
| | २ | सिद्धर्थ मा.वि. बुंचीमा विपन्न बाल बालिकाको लागि न्यानो कपडा बितरण | ५० | ५० | ० | २ | सिद्धर्थ मा.वि. बुंचीमा सौन्दर्यीकरण | ० | ५० | ५० |
| २ | १ | पिपरा गाउ दक्षिण देखि पश्चिम जाने सडक ग्राभेल तथा वडा न. १ र २ जोड्ने कल्भर्ट निर्माण | ८०० | ८०० | ० | १ | पिपरा गाउ दक्षिण देखि पश्चिम जाने सडक ग्राभेल | ० | ३०० | ३०० |
| | | | | | | २ | पिपपरा गाउं देखि दक्षिण जाने सडक स्तर उन्नति | ० | २०० | २०० |
| | | | | | | ३ | लोहोरान कुलोमा बाटो साईड तर्फ पक्की वाल निर्माण | ० | ३०० | ३०० |
| ३ | १ | महिला लक्षित सीप विकास, आयआर्जन तथा सम्मान कार्यक्रम | १०० | १०० | ० | १ | महिला लक्षित स्वास्थ्य शिबिर संचालन | ० | १०० | १०० |
| ४ | १ | बिपत व्यवस्थापन तथा राहत सामग्री निर्माण | २५० | २५० | ० | १ | बिपत व्यवस्थापनका लागि आर्थिक सहायता बितरण | ० | २० | २० |
| | | | | | | २ | अति बिपन्न परिवारलाई न्यानो कपडा बितरण | ० | २०० | २०० |
| | | | | | | ३ | गजेहडा प्रहरी चौकीको सवारी साधन मर्मत तथा ईन्धन खर्च भुक्तानी | ० | ३० | ३० |
| | २ | बिपन्न, एकल महिला, दलित लक्षित कार्यक्रम | ३०० | ३०० | ० | १ | एकल महिला कार्यक्रम | ० | ५० | ५० |
| | | | | | | २ | बिभिन्न टोलमा ईन्टरनेट सेवा जडान | ० | ३० | ३० |
| | | | | | | ३ | हरिहरपुर नमुना दलित भवन निर्माण | ० | ५० | ५० |
| | | | | | | ४ | ध्रुवतारा आमा समुह सैनिक टोल अधुरो भवन निर्माण | ० | १०० | १०० |
| | | | | | | ५ | अति बिपन्न महिलामात्र भएको २ घर परिवारलाई कर्कट पाता वितरण | ० | २० | २० |
| | | | | | | ६ | अति बिपन्न परिवारलाई धारा जडान | ० | ५० | ५० |
| | | | | | | ७ | ईन्द्र कार्कीको घर देखि रविन मल्लको घर अगाडिको बाटो स्तर उन्नति | ० | ८८.५ | ८८.५ |
| | | | | | | ८ | गजेहडा टोलमा सडक बत्ति | ० | १२१.५ | १२१.५ |
| | | | | | | ९ | गजेहडा कृष्ण मन्दिरमा टिनको टहरा निर्माण | ० | २५ | २५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | २ | रोमिंग जे. टि.ए. करार | ६५० | ६८ | ७१८ | २ | रोमिंग जे. टि.ए. करार | ६५० | ६८ | ७१८ |
| | ३ | परम्परागत तथा रैथाने बाली प्रबर्द्धन | ५० | ८२ | १३२ | ३ | परम्परागत तथा रैथाने बाली प्रबर्द्धन कार्यक्रम | ५० | ८२ | १३२ |
| | १ | कृत्रिम गर्भाधानमा संलग्न इन्सीमिनेटरहरुलाई पारिश्रमिक भुक्तानी | १५०० | ६०० | ९०० | १ | कृत्रिम गर्भाधानमा संलग्न इन्सीमिनेटरहरुलाई पारिश्रमिक भुक्तानी | १५०० | ६०० | ९०० |
| | | | | | | २ | ५० प्रतिशत अनुदानमा गाई/भैंसीको फर्म सुधार | १००० | २५० | १२५० |
| | | | | | | ३ | ५० प्रतिशत अनुदानमा बंगुरको फर्म सुधार | १५० | १०० | २५० |
| | | | | | | ४ | परजीवि नियन्त्रण शिविर १ दिने | ५०० | २५० | ७५० |
| | २ | व्यवसायिक गाईभैंसी फर्महरुमा ५० प्रतिशत अनुदानमा कम्पोष्टपिट निर्माण गर्ने | ५२५ | ३०० | २२५ | १ | व्यवसायिक गाईभैंसी फर्महरुमा ५० प्रतिशत अनुदानमा कम्पोष्टपिट निर्माण गर्ने | ५२५ | ३०० | २२५ |
| | | | | | | २ | ७० प्रतिशत अनुदानमा विद्युतिय च्यापकटर खरीद तथा वितरण | ४७५ | १५० | ६२५ |
| | | | | | | ३ | ५० प्रतिशत अनुदानमा बाख्राको फर्म सुधार | ३०० | १५० | ४५० |
| नगर स्तरीय | ३ | विविध कार्यक्रम अनुगमन तथा प्रशासनिक खर्च | ५०० | ७५ | ४२५ | १ | विविध कार्यक्रम अनुगमन तथा प्रशासनिक खर्च | ५०० | ७५ | ४२५ |
| | | | | | | २ | बहुक्षेत्रिय पोषण कार्यक्रमसंग साझेदारीमा सुनौलो १००० दिनका आमा समुहलाई ६ हप्ते कुखुराको चल्ला वितरण | २२५ | ७५ | ३०० |
| | ४ | अपांगता भएका व्यक्तिका लागि सीप तथा क्षमता विकास कार्यक्रम | २०० | २०० | ० | ४ | अपांग बाल अस्पताल तथा पुनस्थार्पना केन्द्रद्वारा अपांगता भएका व्यक्तिहरुका लागि स्वास्थ्य शिविर संचालन | ० | २०० | २०० |
| | ५ | शिक्षक कर्मचारी ICT/IEMIS मागमा आधारित तालिम | २५० | २५० | ० | ५ | नगर र जाईका संगको सहकार्यमा शिक्षक पारिश्रमिक खर्च अनुमोदन | ० | २५० | २५० |
| | ६ | युवा प्रतिभा पहिचान कार्यक्रम | १०० | १०० | ० | ६ | विधालयमा जिन्सी व्यवस्थापन सम्वन्धि तालिम | ० | १०० | १०० |
| | ७ | कपिलवस्तु सामुदायिक अस्पताल अधुरो फार्मेसी भवन निर्माण | १००० | ० | ० | ७ | कपिलवस्तु सामुदायिक अस्पताल अधुरो फार्मेसी -यांक निर्माण | ० | १००० | १००० |
| | ८ | परिवर्तन चोक देखि उत्तर जाने सडक स्तरउन्नति | ८०० | ८०० | ० | ८ | संगम चोक देखि उत्तर जाने सडक स्तरउन्नति | ० | ८०० | ८०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ३ | सडक, नाला, बिजुली, पोल निर्माण तथा मर्मत संभार | ८०० | | | १० | जगैया टहरा निर्माण | ० | २५ | २५ |
| | | | | | | ११ | हरिहरपुर नमुना दलित भवन निर्माण | ० | १५० | १५० |
| | | | | | | १२ | स्वंयम सेविकालाई साईकल खरीद | ० | ९० | ९० |
| | | | | | | १३ | हरिहरपुर नरेन्द्र मल्लको घर अगाडी कल्भर्ट मर्मत | ० | १०० | १०० |
| | | | | | | १४ | जगैया भलिबल खेल मैदान निर्माण | ० | ५० | ५० |
| | | | | | | १५ | बिधुत पोल सार्ने काम | ० | २५ | २५ |
| | | | | | | १६ | बिभिन्न पूर्वाधार मर्मत संभार | ० | १२५ | १२५ |
| | ४ | कृषि, पशु, तालिम तथा सामग्री बितरण | २५० | २५० | ० | १७ | कृषि, पशु सेवा तर्फ सामग्री बितरण | ० | १५० | १५० |
| | | | | | | १८ | डुंगहवा महिला समुहलाई टेण्ट सामग्री खरीद तथा बितरण | ० | १०० | १०० |
| ५ | १ | विद्युतिय हस्ताक्षर, वेभसाईट तथा सिफारिस सफ्टवेयर सबलीकरण | ३५०.८८८ | १७८.५६३ | १७२.३३ | १ | विद्युतिय हस्ताक्षर, वेभसाईट तथा सिफारिस सफ्टवेयर सबलीकरण | ३५०.८८८ | १७८.५६३ | १७२.३३ |
| | | | | | | २ | खुल्ला व्यायामशाला(Open Gym) | ० | १७८.५६३ | १७८.५६३ |
| ८ | १ | अति बिपन्न बिधार्थीहरुलाई प्रोत्साहन कार्यक्रम | १०० | ५० | ५९ | १ | अति बिपन्न बिधार्थीहरुलाई प्रोत्साहन कार्यक्रम | १०० | ५० | ५० |
| | | | | | | २ | मुस्लिम समुदायलाई सहयोग | ० | ५० | ५० |
| | २ | वडा न. ८ भित्रका बाटो, कूलो, नाली, कल्भर्ट तथा अधुरा भवन मर्मत संभार | १३५० | २५० | ११०० | ३ | वडा न. ८ भित्रका बाटो, कूलो, नाली, कल्भर्ट तथा अधुरा भवन मर्मत संभार | १३५० | २५० | ११०० |
| | | | | | | ४ | विधुत पोल सिफ्टिंग (सार्ने) तथा मर्मत | ० | २५० | २५० |
| ९ | १ | श्री गौतमबुद्ध आधारमुत विधालयभित्र कल्भर्ट निर्माण | १७५ | १७५ | ० | १ | श्री गौतमबुद्ध आधारमुत विधालयको कम्पाउण्ड वाल निर्माण | ० | १७५ | १७५ |
| १० | १ | अध्ययन अवलोकन भ्रमण | ३०० | १०० | २०० | १ | अध्ययन अवलोकन भ्रमण | ३०० | १०० | २०० |
| | | | | | | २ | आखा शिबिर संचालन | ० | १०० | १०० |
| ११ | १ | मैनहरा गाउको डिउहार निर्माण | १०० | १०० | ० | १ | अनिरुद्रको घरदेखि पश्चिम राज कुमारको घरसम्म सडक ग्राभेल | ० | १०० | १०० |
| | २ | मर्थिको दुर्गा मन्दिर निर्माण तथा माटो पटान | २०० | २०० | ० | २ | मर्थि बिक्रम यादवको घरपूर्व कल्भर्ट निर्माण | ० | २०० | २०० |
| | ३ | प्रोजेक्ट टोलमा नाली निर्माण | ४०० | ४०० | ० | | प्रोजेक्ट टोलमा सडक स्तर उन्नति | ० | ४०० | ४०० |
| | ४ | बिभिन्न टोलमा क्याप्टी बोरिंग जडान | ३३९ | ३३९ | ० | ४ | बिभिन्न टोलमा खानेपानीको लागि हेण्डपम्म जडान | ० | ३३९ | ३३९ |
| | १ | बाली बिमा | २०० | १५० | ५० | १ | बाली बिमा | २०० | १५० | ५० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | घर नम्बरिंग तथा सफ्टवेयर जडान (२० लाख + ५ लाख) | २५०० | २५०० | ० | ९ | घर नम्बरिंग तथा घर नक्सा फाईलहरु डिजिटाईजेशन गर्ने काम (२० लाख + ५ लाख) | ० | २५०० | २५०० |
| १० | कर्मचारीको बैठक भत्ता | २५०० | २५०० | ० | १० | कर्मचारी, पदाधिकारीहरुको बिभिन्न बैठक भत्ता | ० | २५०० | २५०० |
| ११ | पदाधिकारी बैठक भत्ता | २५०० | २५०० | ० | ११ | पदाधिकारी, कर्मचारीहरुको बिभिन्न बैठक भत्ता | ० | २५०० | २५०० |

| क्र.सं. | योजनाको नाम | स्वीकृत रकम |
|---|---|---|
| १ | राजेश स्मृती फाउण्डेसन भवन निर्माण | ५०० |
| २ | मझौवा गाँउको पश्चिम कुलोमा तटबन्ध निर्माण | १५० |
| ३ | नेपाल कराते महासंघ कराते खेल सामग्री खरीद | २५० |
| ४ | बुद्ध हमालको घर देखि उमा नेपालीको घर सम्म सडक ग्राभेल | १०० |
| ५ | भर्लावास शिवालय मन्दिर निर्माण | ३०० |
| ६ | झुँगा बिद्युत ट्रान्सफर्मर खरिद | ५०० |
| ७ | घनश्याम पौडेलको घर देखि झुँगा बोरिङ स्थल सम्म नाली निर्माण | ५०० |
| ८ | पुलचोक सार्वजनिक जग्गा संरक्षण तथा वृक्षारोपण | ३०० |
| ९ | शहरी खानेपानी तथा सरसफाई आयोजना १५ % लागत साझेदारी | १००० |
| १० | झोलुङ्गे पुल १३ % लागत साझेदारी | १००० |
| ११ | मेडपा लागत साझेदारी कार्यक्रम | ६०० |
| १२ | मनकामना संस्कृत पाठशालाको अधुरो भवन निर्माण | १५०० |
| १३ | पञ्जिकरण अभिलेख र डिजिटाइजेसन | ६०० |
| १४ | वडा कार्यालयहरुको प्रशासनिक भवन निर्माण वडा न. १ र ५ | ३९३० |
| १५ | बुड्ची कुनैया टोलबाट कोपवा जोड्ने सडक स्तर उन्नती | ३०० |
| १६ | भुमी वर्गिकरण नापनक्सा उपकरण खरिद तथा व्यवस्थापन खर्च | १००० |
| १७ | होटल तथा पर्यटन व्यवसायी संघ कपिलवस्तुआयमुलक तालिम संचालन | ३०० |
| १८ | ब्रह्मकुमारी ईश्वरीय विश्वविद्यालयको अधुरो भवन निर्माण | २०० |
| १९ | प्रहरी चौकी मेचकुरी भवन रंगरोगन तथा कम्पाउण्ड वाल निर्माण | १५० |
| २० | पुर्नउत्थान अध्ययन केन्द्र अधुरो भवनको पर्खाल निर्माण | १०० |
| २१ | बाल मा.वि. बैरिया फर्निचर व्यवस्थापन | २०० |
| २२ | दरखास्त मुक्त बहादुर टण्डनको घर हुँदै पश्चिम जाने बाटो स्तर उन्नती | १००० |
| २३ | डुंगहवा संगम पुनको घर अगाडी कुलो निर्माण | ५०० |
| २४ | नाग मन्दिर निर्माण वडा न. ४ | २०० |
| २५ | निशुल्क एम्बुलेन्स तथा यातायात सुविधा | ५०० |
| २६ | हथौसा स्वास्थ्य चौकी रंग रोगन तथा व्यवस्थापन | १५० |
| २७ | खोपकेन्द्रहरुमा फर्निचर व्यवस्थापन | ५०० |
| २८ | जाईका शिक्षक पारिश्रमिक | ८१० |
| २९ | लक्ष्मणघाट बोलबमधाम डि.पि.आर. | २०० |
| ३० | पडरिया गुरुङ्गहरुको गुम्बाको अधुरो कार्य तथा शौचालय निर्माण | ३०० |
| ३१ | ३ नं. वडा कार्यालय प्रशासनिक भवन निर्माणको नपुग रकम भुक्तानी | १५५६ |
| ३२ | वडा नं. ४ अधुरो खोपकेन्द्र भवन निर्माण | ३०० |
| ३३ | भड्सडवा दुर्गा मन्दिर भुसाल टोल बाउण्डरी तथा मर्मत | १५० |
| ३४ | ओदारी कभर्ड हल जाने सडक ग्राभेल | १०० |
| ३५ | देउवापार दुर्गा मन्दिरको बाउण्डरी | १५० |
| ३६ | उद्घघोषण सम्बन्धी तालिम संचालन | २०० |
| ३७ | लक्ष्मणघाट कवर्ड हल निर्माण | १००० |
| ३८ | बनगाई कवर्ड हल निर्माण | १००० |
| ३९ | नन्दनगर गौशाला निर्माण | १००० |
| ४० | बैरिया जेसिज चोकभित्र बाणगंगा कूलोमा वाल निर्माण | २०० |
| ४१ | नौगईया गाउको पोखरीको सडकको किनारमा तटबन्ध | ५०० |
| ४२ | लखनपारा गाउमा २ वटा स्लेब कल्भर्ट निर्माण | ६०० |
| ४३ | पिपरा कलौनी कल्याणेश्वर शिवालय मन्दिर | ४०० |
| ४४ | कोईली बनगाई स्लेब कल्भर्ट (काठको पुरा भएको स्थानमा) निर्माण | ७०० |

CamScanner

| क्र.सं. | योजनाको नाम | स्वीकृत रकम |
|---|---|---|
| ४५ | किसान सूचिकरण कार्यक्रम | ५०० |
| ४६ | बैरिया हाट बजार चोक देखि दुर्गा मन्दिर लाईनको नाली निर्माण | २०० |
| ४७ | कोईली बनगाई प्रगति चोकको अधुरो सामुदायिक भवन निर्माण | ४०० |
| ४८ | मोतिपुर डाडा आधारभुत स्वास्थ्य सेवा केन्द्रको शौचालय व्यवस्थापन | १०० |
| ४९ | चौरी गाउं खानेपानी व्यवस्थापन वडा न. ७ | १०० |
| ५० | आधारभुत स्वास्थ्य केन्द्र तथा नवदुर्गा विधालय पूर्व नाली निर्माण | ३०० |
| ५१ | मोतिपुर फुलबारी खेल मैदान व्यवस्थापन | १०० |
| ५२ | बरवाको धरमपुर जाने सडक देखि पूर्व तर्फ शसस्त्र वेश क्याम्पसम्म सडक स्तर उन्नति | ५०० |
| ५३ | बनकट्टी कोनैया डाडा सडक मर्मत तथा कल्भर्ट निर्माण | ५०० |
| ५४ | सेमरा हाट बजार व्यवस्थापन वडा न. ९ | ४०० |
| ५५ | पूर्व जिनुवा पुरानो दुर्गा मन्दिर देखि सेमरा हाट बजारसम्म नहर निर्माण | ३०० |
| ५६ | पश्चिम जिनुवा गाउको बाटोको किनारमा नहर निर्माण | ३०० |
| ५७ | भर्लाबासेको घरदेखि डाडा पार्वती बोहराको घरको चोकसम्मको सडक स्तरउन्नति वडा न. १ | १३०० |
| ५८ | तिनैया गाउ देखि पश्चिम जाने सडकमा कल्भर्ट निर्माण | ४५० |
| ५९ | बैजलपुर तीनकूने चोक देखि पश्चिम जाने बाटो पक्की | ४०० |
| ६० | लखनपारा गाउ देखि दक्षिण जाने सडक स्तरोन्नती | २२० |
| ६१ | बनकसिया थारु गाउमा शिब मन्दिर निर्माण | २०० |
| ६२ | अमौली गाउमा शिब मन्दिर निर्माण | २०० |
| ६३ | भगलापुर दिपेन्द्र आचार्यको घर देखि श्याम सरको घरसम्म अधुरो नाली निर्माण तथा दुर्गा मन्दिर सेलाउने स्थानमा फाउण्डेशन निर्माण | १०० |
| ६४ | भगलापुर फुटबल खेल्ने स्थानमा खानेपानी तथा चौपारी निर्माण | २०० |
| ६५ | [illegible]घाटमा महिलाहरुको अधुरो प्रतिक्षालय निर्माण | १०० |
| ६६ | अमौली भाटा टोल डम्मरको घर देखि पश्चिम र लक्षमणघाट थारु संग्रहालय पछाडी सडक स्तर उन्नति तथा ग्राभेल | ८० |
| ६७ | ६ न. वडा कार्यालय सुन्दरीकरण डि.पि. आर. निर्माण | १५० |
| ६८ | वनपार्क हुदै बैकण्ठपुर देखि मधौली जाने सडकमा कल्भर्ट निर्माण तथा सडक स्तर उन्नति वडा न. ५ | १५०० |
| ६९ | मोर्मि सडक स्तर उन्नति | ४०० |
| ७० | उदयपुर दुर्गा मन्दिर ट्रस निर्माण तथा स्टेज ढलान | ३०० |
| ७१ | धनेशपुर नाली तथा लौगाई कूलो निर्माण | ३०० |
| ७२ | ओदारी गाउंको शिब मन्दिर अगाडीको घोलामा पुल निर्माण वडा न. ११ | १००० |
| ७३ | हर्क बहादुर हमालको घर देखि पूर्व पट्टिको कूलो मर्मत वडा न. ४ | ५०० |
| ७४ | कृष्ण प्रसाद चौधरीको घर अगाडिको सडकमा ब्लक निर्माण | ५०० |
| ७५ | वडा न. ३ का बिभिन्न सडक मर्मत तथा स्तर उन्नति | ५०० |
| ७६ | गंगोलिया मोहन पन्थीको घर देखि दक्षिण लक्षमण बेलबासेको घर पछाडीको सिचाई नहर निर्माण | २०० |
| ७७ | झरनैया कूलो निर्माण वडा न. ३ | ३०० |
| ७८ | बभनी चोक देखि गाउंभित्रको बरवा जोड्ने सडक स्तर उन्नति | ५०० |
| ७९ | बाणगंगा साहित्यिक प्रतिष्ठानद्धारा संचालित साहित्यिक जागरण अभियान | १५० |
| ८० | दधि स्मृति साहित्य समाजको कवि गोष्ठी, कृति विमोचन तथा स्रष्टा सम्मान | १०० |
| ८१ | कोरिया चोक देखि कौलिया हुदै मेचकुरी जाने सडक मर्मत | ४०० |
| ८२ | देउराली मन्दिरको वाल निर्माण वडा न. ६ | २५० |
| ८३ | ठाकुरापुर अधुरो कवर्ड हल निर्माण | ५०० |

CamScanner

अनुसूची-६

## नगरसभा सदस्यहरुले राखेको आफ्नो भनाई

**क) चुरामणी अर्याल (नगरसभा सदस्य वडा नं. ९)**

१. पहिला पहिलाको आ.व. भन्दा हालको आ.व.मा बेरुजु रकम के कारणले बढेको छ ?

२. हालको आ.व. २०७९/८० को पाँच महिना वितिसक्दा भौतिक प्रगति जम्मा ६ प्रतिशत देखियो। यस्तो किन भएको ? प्रष्ट पारिदिनुहोला।

३. खोलानाला नगरपालिका वा वन कस्को दायित्व हो ?

४. सामूदायिक वनको लागि नगरपालिकाले छुट्याउने बजेटमा सिमा तोकिदिने (छुट्याउनै पर्ने)।

५. नगरपालिकाभित्र उद्योग संचालन गर्न सकेमा र नगरपालिकामा भएका साधनश्रोतको उपयोग हुन सकेमा राम्रो हुने।

**ख) ज्ञान वहादर कार्की (नगरसभा सदस्य वडा नं.५)**

१. विधायन समितिको कानून तर्जुमा सम्बन्धमा संशोधित दुईवटा कानूनको बारेमा जानकारी नभएको।

२. टोल विकास संस्था संचालनको खर्च सम्बन्धी व्यवस्था के कस्तो रहेको छ ?

३. बजार क्षेत्रको फोहोर व्यवस्थापनको लागि फोहोर उठाउन गाडी मंगलबारको दिनमा आउने र उक्त दिन बजार बन्द हुने र फोहोर बाटोमै छरिने हुँदा बजार क्षेत्रको फोहोर व्यवस्थापनको लागि दिन परिवर्तन गर्ने तर्फ आवश्यक समन्वय गरिदिने।

४. हाटबजारको फोहोर पनि व्यवस्थापन हुन नसकेको।

५. विपद व्यवस्थापन अन्तर्गत गत आ.व मा भएको धानवाली नोक्सानको सम्बन्धमा के भईरहेको छ ?

६. भौतिक पूर्वाधार तर्फ विनियोजित वजेट र सो बजेटको लक्ष्य, प्रगतिको बारेमा प्रष्ट नभएको।

७. पहिलेको भन्दा हाल बेरुजु के कारणले बढिरहेको छ ? यसलाई कम गर्न अव के गर्नु पर्ला ?

८. बारम्बार प्रश्न उठाउँदा पनि मधौलिया, ठाँटी बिचको मर्धी खोलाको विषयमा ध्यान जान नसकेको।

**ग) डिल बहादुर खाती (नगरसभा सदस्य वडा नं. ७)**

१. धेरै राम्रा काम भएका छन् तर लक्षित वर्गको प्रतिनिधित्व हुने गरी लक्षित समुदायलाई छुने गरी काम खासै नभएको।

२. वडामा लक्षित समुदायको लागि भनेर वजेट कम मात्रामा छुट्याईएको (जम्मा रु.५०,०००/-, १,००,०००/- लाख मात्र छुट्याउने गरेको)।

३. नगरभरिकै लक्षित समुदायको लागि ३५ लाख रुपैयाँ वजेट माग्दा जम्मा ६ लाख मात्र पास भएको, नगर प्रमुखको कोषवाट रु. १५ लाख पुर्याउने भनिएतापनि रु. ६ लाखमू सिमित राखेको र लक्षित समुदायको लागि सामूदायिक भवन बनाउन तर्फ कम्तिम पनि रु. १५ लाख पुरयाईदिनुपर्ने।

४. लक्षित समुदायलाई छुने गरेर कुनै पनि समितिमा प्रस्ताव नआएको, नगरसभा सम्पन्न गर्ने मेरो पनि जिम्मेवारी, दायित्व भएतापनि लक्षित वर्गलाई छुने गरी कार्यक्रम बनाउनुपर्ने।

CamScanner

घ) **पिताम्वर वि.क. (नगरसभा सदस्य वडा नं. ५)**

१. आर्थिक वर्ष २०७८/०७९ मा बाणगङ्गा नगरपालिका वडा नं. ५ मा कोपवा देखि घेरुवा बनगाई जाने बाटो कालोपत्रे सडक उपभोक्ता समितिमा ९ लाख ३० हजार रुपैयाँ बेरुजु आएको, ३ लाख ५४ हजार भरौटी राखेको रकम मध्ये भुक्तानी हुन नसकेको ।

ङ) **टोपकला बि.सी. (नगरसभा सदस्य वडा नं. १)**

१. बत्तीको लागि केहि पनि प्रतिवेदन नपरेको ।
२. गाउँमा पोल पनि नपुगेको ।
३. नगरस्तरीय लक्षितलेः मात्रै जनताको घरघरमा सेवा पुग्दैन, प्रत्येक वडा अनुसार न्यायिक समितिको सुविधा हुनुपर्ने ।
४. वाल मा.वि. वर्षेनी डुवानमा पर्ने तर वजेट विनियोजन रकम कम भएको ।
५. लक्षित वर्गको लागि पर्याप्त वजेट विनियोजन नभएको ।

च) **रामशंकर थारु(नगरसभा सदस्य वडा नं. १०)**

१. टोल विकास संस्था थप गर्नुपर्ने (११ वटा भएकोमा १३ वटा बनाउनुपर्ने) ।
२. कृषि शाखाबाट गएको बाणगङ्गा नामक गहुँको विउ नउम्रेको ।
३. जाडोको समयमा केहि पनि सुविधा नपाईएको ।

छ) **हरिशंकर पौडेल(नगरसभा सदस्य वडा नं. ७)**

१. सामाजिक विकास समितिको प्रतिवेदन राम्रो तर त्यसमा राष्ट्रपति र प्रधानमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका विद्यालयको विवरण नखुलाईएको ।
२. नगरस्तरीय विग्रेका अन्य वडामा जाने कालोपत्रे सडक फेरी सुधार गर्न ध्यान दिनुपर्ने ।
३. विपद कोषको सम्बन्धमा वडाको भैपरी आउने वजेटले वडामा अपुग भएको र वडा अन्तर्गत सानातिना काम गर्नको लागि केहि कोष वडालाई अख्तियारी दिने तर्फ नगरको ध्यान जाओस ।
४. विपदको प्रतिवेदनमा खर्च भएको कुल रकम फरक परेको / वन वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजकले पेश गरेको प्रतिवेदनमा रु.१२,४०,८००/- भनिएको र हामीलाई दिएको प्रतिवेदनमा ६,५३,८००/- रहेको, यस्तो किन भएको ।

CamScanner